# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७० | काठमाडौं | शनिबार, २४ असोज २०८३ | Prabhab National Daily | Saturday, 10 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-




दसैं मनाउनका लागि आफ्नो गन्तव्यतर्फ जान काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा शुक्रबार बस चढ्न आएका यात्रु । *तस्बिर: रासस*

## संवेदनशील सूचना चुहाएको आरोपमा सशस्त्रका एआइजी दाहाल बर्खास्त

- पदीय आचरण पालना नगरेको, अनुशासनहीन कार्य गरेको र संगठनको प्रतिष्ठा तथा छविमा आँच पुऱ्याएको कसुरमा बर्खास्त गरिएको जानकारी
- कानुनविपरीतका गतिविधिमा संलग्न जोसुकैलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने गृहमन्त्री गुरुङको प्रतिबद्धता





नेपाल सरकार

गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

विज्ञप्ति

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री वंशीराज दाहालले आचरण सम्बन्धी कुरा बराबर उल्लंघन गरेको, बराबर अनुशासनहीन काम गरेको र नेपाल सरकार वा आफू कार्यरत संगठनको मान प्रतिष्ठा एवम् छविमा आँच पुर्याउने कार्य गरेको कसुरमा मिति २०८३/६/२३ गतेबाट लागू हुने गरी सशस्त्र प्रहरी सेवाबाट हटाउने गरी विभागीय कारबाही गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

मिति २०८३ असोज २३ गते, शुक्रबार।
नेपाल सम्बत् ११४६ कौलागा चतुर्दशी।

(आनन्द काफ्ले)
सहसचिव/प्रवक्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संवेदनशील सुरक्षा सूचना चुहावट गरेको आरोपमा सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक (एआइजी) वंशीराज दाहाललाई सरकारले बर्खास्त गरेको छ । गृह मन्त्रालयले शुक्रबार सोही दिनदेखि लागू हुनेगरी उनलाई सेवाबाट हटाउने निर्णय गरेको हो ।

गृहका प्रवक्ता आनन्द काफ्लेले दाहालमाथि विभागीय कारबाही गरिएको जानकारी दिएका छन् । पदीय आचरण पालना नगरेको, अनुशासनहीन कार्य गरेको र संगठनको प्रतिष्ठा तथा छविमा आँच पुऱ्याएको कसुरमा उनलाई बर्खास्त गरिएको मन्त्रालयले जनाएको छ ।

यसअघि सरकारले संवेदनशील सूचना चुहावट गरेको आरोपमा १९ असोजमा दाहाललाई पदबाट निलम्बन गरेको थियो । सशस्त्र प्रहरी बलले सुरक्षासम्बन्धी गोप्य सूचना चुहावट गरी पदीय आचरणविपरीत काम गरेको भन्दै उनलाई कारबाही गर्न गृह मन्त्रालयमा सिफारिस गरेको थियो । त्यसपछि मन्त्रालयले घटनाको जाँचबुझ गरी प्रतिवेदन पेस गर्न अधिकृतसमेत तोकेको थियो ।

गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार दाहालले आचरणसम्बन्धी व्यवस्था उल्लंघन गरेको, पटक-पटक अनुशासनहीन काम गरेको तथा नेपाल सरकार र आफू कार्यरत संगठनको मान प्रतिष्ठा एवं छविमा आँच पुऱ्याउने कार्य गरेको ठहरका आधारमा विभागीय कारबाही गरिएको हो ।

क्रमशः पृष्ठ २ मा

साढे २१ किलो सुन प्रकरण

## चीनमा बसेर निर्देशन, नेपालमा सुनको अवैध धन्दा

■ **जेबी योञ्जन**

**काठमाडौं–** बिहीबार प्रहरीले बूढानीलकण्ठबाट ५४ करोड रूपैयाँभन्दा बढी मूल्यको साढे २१ किलो सुन बरामद गऱ्यो । तर, उक्त सुन कहाँबाट नेपाल भित्रियो भन्ने खुलेको छैन ।

तस्करीको सुन गालेर विभिन्न आकारमा ढाल्ने कारखानामै प्रहरीले छापा मारेर तीन चिनियाँ नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरू चीनका २७ वर्षीय हान फिई, ४७ वर्षीय चोउ लङसिन र ३७ वर्षीय वाङ जियाञ्जेन हुन् । तर, सुनको स्रोत, नेपाल भित्र्याएको मार्ग र अन्तिम गन्तव्यबारे अनुसन्धान जारी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

बिहीबार बूढानीलकण्ठ नगरपालिका-२, माथिल्लो भंगालस्थित एक घरमा छापा मार्दा २१ किलो ७५०.६८ ग्राम सुन बरामद गरेको हो । बरामद सुनको शुक्रबारको बजार मूल्यअनुसार ५४ करोड ६० लाख ७ हजार ३२० रूपैयाँ रहेको प्रहरीले जनाएको छ ।

कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोष खड्काका अनुसार प्रहरीले सुरुमा चार किलो सुनको कारोबार भइरहेको सूचना पाएको थियो । सोही सूचनाका आधारमा निगरानी बढाएर 'अपरेसन ब्राभो गोल्फ' सञ्चालन गरिएको थियो । तर, छापा मार्दा अनुमानभन्दा पाँच गुणाभन्दा बढी सुन भेटियो ।

एसएसपी खड्काका अनुसार बरामद सुनको स्रोत र गन्तव्य अझै पुष्टि भएको छैन । शुक्रबार अयोजित पत्रकार सम्मेलनमा उनले भने, 'कहाँबाट सुन आयो र यसको गन्तव्य कहाँ हो भन्ने अनुसन्धान गरेर पुष्टि गर्न बाँकी नै छ ।'

प्रहरीले सुनका टुक्रा, बिस्कुट आकारका ढिक्का, लेसिलो अवस्थामा रहेको सुन तथा धातुका टुक्रा बरामद गरेको छ । घरभित्र सुन सुकाउने ड्रायर मेसिन र पगाल्ने मेल्टिङ मेसिनसमेत प्रयोग भइरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । यसले उक्त घर सुन भण्डारण गर्ने ठाउँमात्र नभई सुन प्रशोधन गरेर विभिन्न आकारमा ढाल्ने केन्द्रका रूपमा प्रयोग भएको प्रहरीको बुझाइ छ ।

एसएसपी खड्काले बरामद सुन हवाईमार्गबाट काठमाडौं भित्र्याएको हुन सक्ने आशंका गरेका छन् ।

क्रमशः पृष्ठ २ मा





सुन तस्करीमा संलग्न रहेको आरोपमा बूढानीलकण्ठको भंगालबाट पक्राउ परेका तीन जना चिनियाँ नागरिक र उनीहरूबाट बरामद भएको साढे २१ किलो सुन । *तस्बिर: मनिष राई/प्रभाव*



कहाँबाट सुन आयो र यसको गन्तव्य कहाँ हो भन्ने अनुसन्धान गरेर पुष्टि गर्न बाँकी नै छ ।

■ **सन्तोष खड्का**
एसएसपी, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

**सन्दर्भ: वैदेशिक रोजगार**

## श्रमिकको न्यूनतम पारिश्रमिक दुई हजार रिंगेट पुऱ्याउने मलेसिया सरकारको घोषणा

### नेपालीसहित ४० लाखभन्दा बढी श्रमिक लाभान्वित हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसिया सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाउने घोषणा गरेको छ । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले शुक्रबार संसद्मा आगामी वर्ष सन् २०२७ को बजेट सार्वजनिक गर्दै उक्त घोषणा गरेका हुन् ।

श्रमिकको न्यूनतम पारिश्रमिक एक हजार ७०० रिंगेटबाट बढाएर दुई हजार रिंगेट पुयाउने उनको घोषणा छ । यो व्यवस्था सन् २०२७ को जुनबाट कार्यान्वयनमा आउने जनाइएको छ ।

प्रधानमन्त्री इब्राहिमले नयाँ व्यवस्थाबाट ४० लाखभन्दा बढी श्रमिक लाभान्वित हुने बताएको मलेसियाली सञ्चारमाध्यमले जनाएका छन् । बढ्दो महँगी र जीवनयापनको खर्चअनुसार श्रमिकको पारिश्रमिक वृद्धि हुन नसकेको भन्दै सरकारले पारिश्रमिक संरचनामा सुधार गर्न लागेको उनको भनाइ थियो ।

यद्यपि, वार्षिक कारोबार पाँच करोड रिंगेटभन्दा कम भएका साना तथा मझौला उद्योगलाई भने नयाँ पारिश्रमिक दर कार्यान्वयन गर्नुपर्ने नियम लागू नहुने जनाइएको छ । त्यस्ता व्यवसायीलाई नयाँ पारिश्रमिक व्यवस्थाअनुसार समायोजन गर्न समय उपलब्ध गराउन यस्तो गरिएको जनाइएको छ ।

मलेसिया नेपाली श्रमिकको प्रमुख श्रम गन्तव्यमध्ये एक हो । उत्पादनमूलक उद्योग, निर्माण, सुरक्षा गार्ड, प्लान्टेसनलगायतका क्षेत्रमा करिब चार लाख नेपाली कामदार कार्यरत रहेको बताइन्छ । नयाँ व्यवस्थाले मलेसियामा कार्यरत नेपाली श्रमिकको पारिश्रमिक र रोजगारीको अवस्थालाई पनि प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ । हाल त्यहाँ कार्यरत नेपाली श्रमिकले न्यूनतम एक हजार ७०० रिंगेट अर्थात् करिब ६४ हजार नेपाली रूपैयाँ पाउँदै आएका छन् । नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि यस्तो पारिश्रमिक करिब ७५ हजार रूपैयाँ पुग्ने छ । यद्यपि, वास्तविक लाभ कामको प्रकृति, रोजगारदाता र नयाँ व्यवस्थाको कार्यान्वयनमा निर्भर हुने बुझिएको छ ।

बजेट भाषणमार्फत सरकारले अर्धदक्ष श्रमिक र स्नातक तह उत्तीर्ण गरेका कामदारका लागि मासिक दुई हजार ५०० रिंगेटको न्यूनतम पारिश्रमिक ल्याउने घोषणा गरेको छ । श्रमिकले आफ्नो योग्यताअनुसारको पारिश्रमिक नपाएको अवस्थालाई सम्बोधन गर्न यस्तो व्यवस्था गर्न लागिएको प्रधानमन्त्री इब्राहिमले बताएका छन् । तर यो व्यवस्था कार्यान्वयनको विषयमा विस्तृत मापदण्ड र लागू हुने मिति भने तय हुन बाँकी रहेको जनाइएको छ ।

सोही क्रममा सरकारी लगानी भएका कम्पनी तथा संस्थाहरूले जीवनयापनका लागि आवश्यक पारिश्रमिकको मापदण्ड मासिक तीन हजार १०० रिंगेटबाट बढाएर तीन हजार ४०० पुऱ्याउने प्रतिबद्धता जनाएका छन् । यसबाट करिब दुई लाख ३० हजार श्रमिकलाई लाभ मिल्ने अपेक्षा गरिएको छ । बैंकिङ, तेल र ग्यास क्षेत्रका ठूला रोजगारदाताले पनि पारिश्रमिक बढाउन थालेको भन्दै प्रधानमन्त्रीले निजी क्षेत्रका अन्य रोजगारदातालाई समेत श्रमिकको पारिश्रमिकमा सुधार गर्न आग्रह गरेका थिए ।

मलेसिया सरकारले गैरकानुनीरूपमा विदेशी श्रमिकलाई काममा लगाउने प्रवृत्तिको नियन्त्रण गर्न पारिश्रमिक भुक्तानीमा थप कडाइ गर्ने पनि जनाएको छ ।

क्रमशः पृष्ठ २ मा



एन्फामा आर्थिक अनियमितता प्रकरण

## अध्यक्ष नेम्वाङसहित चारजनाविरुद्ध मुद्दा

- आर्थिक अनियमितता, म्याच फिक्सिङ र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोप
- एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई बनाइयो प्रतिवादी
- आरोपपत्रमा ९३ लाख ९०० रुपैयाँ बिगो मागदाबी
- अध्यक्ष नेम्वाङ र महासचिव राई फरार, कोषाध्यक्ष जोशी र लेखा अधिकृत पाण्डे हिरासतमा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरले निलम्बित अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारीविरुद्ध भ्रष्टाचार, ठगी र खेलमा मिलेमतोसम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ ।

बिहीबार सरकारी वकिलको कार्यालयले ललितपुर जिल्ला अदालतमा एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो ।

प्रतिवादीमध्ये कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे हिरासतमा छन् भने अध्यक्ष नेम्वाङ र महासचिव राई फरार छन् । एन्फामा आर्थिक अनियमितता, म्याच फिक्सिङ (खेल मिलोमतो) र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोपमा उनीहरूविरुद्ध मुद्दा दायर भएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ ।

सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रअनुसार उनीहरूविरुद्ध ९३ लाख ९०० रूपैयाँ बिगो कायम गरिएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले एन्फामा भएको आर्थिक अनियमिततालगायतका विषयमा अनुसन्धान गरेको थियो ।

फिफा विश्वकप, २०२६ र एएफसी एसियन कप छनोटअन्तर्गत सन् २०२४ मार्च २१ मा काठमाडौंको दशरथ रंगशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको घरेलु मैदानको खेल नियतवश बहराइनमा सारिएको अभियोगमा उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## चीनमा बसेर...

पक्राउ परेका तीनै जना चिनियाँ नागरिक हङकङ हुँदै काठमाडौं आएको अध्यागमनको अभिलेखमा देखिएकोले सुन हवाई मार्गबाटै ल्याएको हुने खड्का बताउँछन्। 'हङकङ ट्राञ्जिट हुँदै यहाँ आएको देखिन्छ। त्यसो हुनाले हवाईमार्गबाट वा कार्गोबाट ल्याएको हो कि ? हामी अनुसन्धानमै छौं,' खड्काले भने ।

उनीहरूमध्ये दुई जना ११ असोजमा र एक जना १५ असोजमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका थिए । काठमाडौं आएपछि उनीहरू तीनदेखि चारपटकसम्म विमानस्थल जाने-आउने गरेको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ । तर, विमानस्थल आवातजावत गरेको विवरणले मात्रै सुन हवाईमार्गबाटै ल्याइएको पुष्टि गर्दैन ।

प्रहरीको प्रारम्भिक अनुमानअनुसार सुनलाई लेसिलो अवस्थामा ल्याएर बाहिर प्लास्टिकले बेर्ने गरिएको हुन सक्छ। त्यसपछि भाडामा लिइएको घरमा सुकाएर पगाल्ने र बिस्कुटलगायतका आकारमा ढाल्ने गरिएको देखिन्छ । तर, सुन कुन देश वा स्थानबाट ल्याइएको थियो, कसले नेपालसम्म पुऱ्यायो र भन्सार जाँच कसरी पार गऱ्यो भन्ने विषयमा प्रहरीले निष्कर्ष निकालिसकेको छैन ।

### कारमा भेटियो दुई किलो सुनका बिस्कुट

प्रहरीले सुन प्रशोधन भइरहेको घरको कम्पाउण्डबाट एउटा कारसमेत बरामद गरेको छ । उक्त कारको चालक सिटनजिकै रहेको बक्समा कागजले बेरिएका एक-एक किलोका दुईवटा सुनका बिस्कुट फेला परेका थिए । प्रहरीका अनुसार उक्त कार ११ असोजदेखि २५ असोजसम्मका लागि दैनिक आठ हजार रूपैयाँ भाडा तिर्ने गरी लिइएको थियो । चीनबाट आएका हान फिईले काठमाडौं विमानस्थलमा ओर्लिएपछि कार भाडामा लिएको अनुसन्धानबाट खुलेको छ ।

कारबाट तयारी अवस्थामा रहेका सुनका बिस्कुट भेटिएपछि प्रहरीले सुन बजारतर्फ लैजाने तयारी भइरहेको हुनसक्ने अनुमान गरेको छ । तर, उक्त सुन कसलाई बुझाउन लागिएको थियो र कुन स्थानमा पुऱ्याउने योजना थियो भन्ने खुलेको छैन । यद्यपि, प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार काठमाडौंमा सुन प्रशोधन र वितरणको काम चीनमा रहेका व्यक्तिको निर्देशनमा भइरहेको थियो । पक्राउ परेका हान फिईसहित तीन चिनियाँ नागरिकले बूढानीलकण्ठको घरमा सुन प्रशोधन गर्ने गरेको प्रहरीको भनाइ छ ।

अनुसन्धान अधिकृतहरूका अनुसार चीनको ग्वाञ्जाओमा रहेका जेन जिया लीले वी-च्याटमार्फत नेपालमा रहेका व्यक्तिलाई निर्देशन दिने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। प्रशोधनपछि सुन कहाँ लैजाने र कसलाई बुझाउने भन्ने निर्देशन पनि उतैबाट आउने गरेको प्रहरीको दाबी छ ।

एसएसपी खड्काका अनुसार चिनियाँ नागरिक छु क्यानले मासिक तीन लाख ३० हजार रूपैयाँ भाडा तिर्ने गरी विष्ट थरका मानिसको घर लिएका थिए । उनले चार महिनाको १३ लाख २० हजार रूपैयाँ अग्रिम भुक्तानीसमेत गरेको प्रहरीले जनाएको छ । तर, छु क्यान अहिले पक्राउ परेका छैनन् । उनी ३० साउनमा चीन फर्किएको अध्यागमनको अभिलेखमा देखिएको प्रहरीको भनाइ छ । छु क्यानले घरको चाबी चीनमा रहेका जेन जिया लीलाई दिएको र पछि त्यही चाबी हान फिईमार्फत नेपाल ल्याइएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । प्रहरीले पक्राउ परेका चिनियाँ नागरिकसँग दोभाषेमार्फत सोधपुछ गरिरहेको छ । उनीहरू पर्यटन भिसामा नेपाल आएको खुलेको छ । तर, यति ठूलो परिमाणको सुन नेपालसम्म कसरी आइपुग्यो, यसको लगानी कसले गरेको थियो, नेपालमा कसले खरिद गर्ने तयारी गरेको थियो र सुनको अन्तिम गन्तव्य कहाँ थियो भन्ने विवरण प्रहरीले सार्वजनिक गरेको छैन ।

■■■

## संवेदनशील सूचना...

दाहालमाथिको कारबाहीलाई गृह मन्त्रालयले सुरक्षा निकायभित्रको अनुशासन र गोपनीयता कायम गर्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ । मन्त्रालयले मातहतका कर्मचारीबाट हुने पदीय आचरणविपरीतका गतिविधि तथा संवेदनशील सूचना चुहावटका घटनामाथि निगरानी बढाइएको जनाएको छ ।

गृहमन्त्री सुधन गुरुङको सचिवालयले पनि सुरक्षा संवेदनशीलतासँग जोडिएका गतिविधिमाथि सूक्ष्म निगरानी र विश्लेषण भइरहेको जनाएको छ । 'गृह मन्त्रालय मातहतका हरेक प्रहरी कर्मचारीहरूबाट गरिने पदीय आचरणविपरीतका कार्यहरू, संवेदनशील गोप्य सूचनाको चुहावट तथा शान्ति सुरक्षामा प्रतिकूल असर पार्ने गतिविधिहरूमाथि सूक्ष्म निगरानी तथा विश्लेषण गरिरहेका छौं,' सचिवालयले जारी गरेको सूचनामा उल्लेख छ । सचिवालयका अनुसार सशस्त्र प्रहरी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी उच्च तहका कर्मचारीमाथि विभागीय कारबाही गरिएको हो । सशस्त्र प्रहरी बलको इतिहासमा उच्च तहका कर्मचारीमाथि यसरी कारबाही गरिएको विषयलाई पनि सचिवालयले उल्लेख गरेको छ ।

गृहमन्त्रीको सचिवालयले कानुनविपरीतका गतिविधिमा संलग्न जोसुकैलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने प्रतिबद्धता जनाएको छ । विधिको शासन, कानुनको परिपालना र सार्वजनिक शान्ति सुरक्षा कायम गर्न मन्त्रालय प्रतिबद्ध रहेको सचिवालयको भनाइ छ । यद्यपि, दाहालले कुन संवेदनशील सूचना कसरी चुहावट गरेका थिए र त्यसबाट सुरक्षा व्यवस्थामा कस्तो असर परेको थियो भन्ने विस्तृत विवरण मन्त्रालयले सार्वजनिक गरेको छैन । गत असोजको १० गते पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा पक्राउको सूचना दाहालले चुहाएको आरोप लागेको थियो । त्यसपछि गृहमन्त्री गुरुङ उनीप्रति निकै आक्रोशित भएका थिए । अन्ततः उनलाई गुरुङले बर्खास्त गरे ।

■■■

## श्रमिकको न्यूनतम...

साना तथा मझौला उद्योगबाहेकका कम्पनीले श्रमिकको तलब खर्चमा कर छुट लिन बैंक खातामार्फत तलब भुक्तानी गरेको हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । यस्तो भुक्तानी रोजगार ऐन १९५५ ले अनुमति दिएका माध्यमअनुसार हुनुपर्ने उल्लेख गरिएको छ । यसबाट श्रमिकको तलब भुक्तानीलाई औपचारिक बैंकिङ प्रणालीमा ल्याउन र श्रमिकको वास्तविक रोजगारी तथा पारिश्रमिकको अवस्था थाहा पाउन सहयोग पुग्ने बुझिएको छ । साथै, बैंकिङ प्रणालीबाट तलब भुक्तानी गर्दा अनधिकृत श्रमिकको भर्ना र शोषण न्यूनीकरण हुने जनाइएको छ ।

■■■

## अध्यक्ष नेम्वाङसहित...

उक्त खेल बहराइनमा खेलाएबापत त्यहाँको फुटबल संघबाट टिकट बिक्रीको राजस्वअन्तर्गत एन्फाले पाउनुपर्ने २० हजार अमेरिकन डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरेको अनुसन्धानबाट देखिएको अभियोगपत्रमा उल्लेख छ ।

अभियोगपत्रमा १० लाख रूपैयाँभन्दा माथिको खरिदमा अनिवार्य टेण्डर प्रक्रिया अपनाउनुपर्नेमा एउटै स्वामित्वका तीनवटा नक्कली फर्महरू खडा गरी कोटेसनमार्फत खेल सामग्री खरिद गरिएको पाइएको अनुसन्धानमा देखिएको छ । एन्फाको आर्थिक कार्यविधि, २०७५ अनुसार १० लाखभन्दा बढीको खरिदमा टेण्डर प्रक्रिया अपनाउनुपर्ने हुन्छ ।

फिफाले सन् २०२६ को विश्वकपका लागि एन्फालाई उपलब्ध गराएको ३३० थान अनलाइन टिकट पारदर्शीरूपमा वितरण नगरी कालोबाजारी र व्यक्तिगतरूपमा किनबेच गराएको पनि अभियोगमा उल्लेख छ । शेर्पा आउटडोरसँग भएको प्रायोजन सम्झौताबमोजिम एन्फाको खातामा आउनुपर्ने रकम संस्थाको खातामा नहाली महासचिव किरण राईले २५ लाख रूपैयाँ व्यक्तिगतरूपमा बुझेर अपचलन गरेको पनि अनुसन्धानबाट देखिएको छ ।

अभियोगपत्रमा फरार रहेका एन्फा अध्यक्ष नेम्वाङ र महासचिव राईका हकमा अदालतबाट म्याद जारी गर्न अनुरोध गरिएको छ । चारैजनालाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३१ मा परिभाषित खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने कार्य गरी ऐनको दफा ३२ (ग) बमोजिमको कसुर गरेको, सोही ऐनको दफा ३३ को (ग) बमोजिम सजाय हुन तथा निज प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) मा परिभाषित कसुर गरेको भन्दै संहिताको दफा २४९ को उपदफा ३ (क) बमोजिम सजाय मागदाबी लिइएको छ ।

अखिल नेपाल फुटबल संघलाई अमेरिकी डलर ५० हजारको हुन आउने नेपाली रकम ६६ लाख ५३ हजार ९०० तथा अमेरिकी डलर २० हजारको हुन आउने नेपाली रकम २६ लाख ४७ हजार (सम्झौता भएको मिति सन् २०२४ मार्च ४ मा को दररेट १३२.३५ रूपैयाँबमोजिम) गरी ९३ लाख ९०० रूपैयाँबराबर क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम दिलाई भराई दिन मागदाबी लिइएको छ ।

अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमपीडित राहत कोषमा प्रतिवादीहरूबाट क्षतिपूर्ति शुल्क जम्मा गराई पाउनसमेत सरकारी वकिल कार्यालयले अभियोगपत्रमा मागदाबी लिएको छ । अन्य पदाधिकारी, कर्मचारीहरू तथा अन्य कोही कसैको संलग्नता रहेको भनी यकिन प्रमाणसहित खुल्न आएका बखत साथै प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहेको तथ्य पछि खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी लिइने उल्लेख गरिएको छ ।

प्रतिवादीहरूले कसुरजन्य कार्य गरी सम्पत्ति आर्जन गरी सम्पत्तिलाई अन्यत्र प्रयोग गरेको तथ्य प्रमाणहरूबाट देखिएमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ सम्बन्धी कसुरमा थप अनुसन्धान हुने जनाइएको छ ।

# सडक भासिएपछि पृथ्वी राजमार्गमा सवारी आवागमन बन्द

**धादिङ (प्रस)**– पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-५ गलौदीमा सडक भासिएपछि आज साँझदेखि सवारीसाधन आवागमन पूर्णरूपमा बन्द गरिएको छ ।

त्रिशूली नदीको कटानका कारण सडक भासिएपछि सम्भावित दुर्घटना रोक्न अर्को सूचना जारी नभएसम्मका लागि सवारी आवागमन बन्द गरिएको जिल्ला प्रशासन कार्यालय धादिङले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय धादिङले सूचना जारी गर्दै उक्त राजमार्ग भएर सञ्चालन हुने सम्पूर्ण सवारीसाधनको आवागमन पूर्णरूपमा रोकिएको जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार अर्को सूचना जारी नभएसम्म सवारी आवागमन बन्द गरिएको हो ।

सडक अवरुद्ध भएसँगै राजमार्ग हुँदै काठमाडौं भित्रिने तथा बाहिरिने सवारीसाधन प्रभावित भएका छन् ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२४ गते**

यस कम्पनीको मिति २०८३/०६/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भोयज ग्लोबल एजुकेसन प्रा.लि.**को नाम परिवर्तन गरी **आराकावा करियर कन्सल्टेन्सी प्रा.लि.(दर्ता नम्बर २८७१८५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२४ गते**

यस कम्पनीको मिति २०८३/०६/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **एड.फर्मेशन प्रा.लि.**को नाम परिवर्तन गरी **इन्फ्लुएन्सर क्लब प्रा.लि. (दर्ता नम्बर ११४५८५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२४ गते**

यस कम्पनीको मिति २०७९/०५/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ग्लाइडर कन्सलटेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लाइड हेल्थकेयर कन्सल्टिङ्ग प्रा.लि. (दर्ता नम्बर २८१४३८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०६/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२२ मा दर्ता भएको यस **श्री होटल ब्लु म्यागनेट एण्ड मल्टिपर्पोज** (प्रा.लि.नं.१९५३०६) कम्पनी यस कार्यालयको मिति २०८३/०६/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमाण पत्र हरायो सूचना !**

मिति 2083-06-09 गते का.जि.जमल देखि गोलढुंगासम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपशिल**

**नाम** : Santosh Kumar Tamang
**कलेज नाम** : Tops Boarding H.S. School
**ठेगाना** : Ramghat, Pokhara, Kaski
**रजिष्ट्रेशन नं.** 674035049
**सिम्बोल नं.** 34002797
**Migration Serial Number** : 895647
**Date of issue** : 2069 B.S. (2012 A.D.)
**मो.नं.**9745336214

**भ्यान्टेज कन्सल्टिङ्ग प्रा.लि.**
**(लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारेमा ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७१/०७/१९ मा दर्ता भएको प्रा.लि. (**प्रा.लि.नं. १२८००३/०७१/०७२**) को **भ्यान्टेज कन्सल्टिङ्ग प्रा.लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/१६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही र कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले **३५ (पैतिस) दिन**भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश थापा (लिक्विडेटर)**
**प्र.प.नं.६५०, (मोबाइल नं.** )

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/११/२५ दर्ता भएको **प्रा.लि न २८५९६१/०७८/०७९** को **प्रो एड्भाइस एजुकेशनल कन्सल्टेन्सी प्रा.ली.**को मिति २०८३/०६/२३ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटर को कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२४ गते**

यस कम्पनीको मिति २०८३/०६/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **डिमाण्ड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **डिमाण्ड इन्जिनियरिंग कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ प्रा.लि. (दर्ता नम्बर १५४३२८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०२/०९ मा दर्ता भएको **तमोर कृषि फार्म प्राइभेट (प्रा.लि. नं. १६८६८२)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७१/०७/१९ मा दर्ता भएको प्रा.लि. (प्रा.लि.नं. १२८००३/०७१/०७२) को भ्यान्टेज कन्सल्टिङ्ग प्रा.लि. लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/१६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही र कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ (पैतिस) दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश थापा (लिक्विडेटर)**
**इजाजत पत्र नं. ६५०**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, २४ असोज, २०८३**

| | |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| वृष | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| मिथुन | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| कर्कट | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| सिंह | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| कन्या | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| तुला | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| वृश्चिक | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| धनु | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| मकर | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| कुम्भ | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| मीन | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२४ असोज, २०८३ (१० अक्टुबर २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.५५ | १५५.१५ |
| युरो | १ | १७३.०२ | १७३.६९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.४२ | २०५.२१ |
| स्विस फ्रैन्क | १ | १८५.५० | १८६.२२ |
| अस्ट्रेलियन डलर | १ | १०७.६८ | १०८.१० |
| क्यानाडियन डलर | १ | १०८.६७ | १०९.०९ |
| सिङ्गापुर डलर | १ | १२०.७६ | १२१.२३ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०५ | २३.१४ |
| साउदी अरब रियाल | १ | ४१.१७ | ४१.३३ |
| कतारी रियाल | १ | ४२.४० | ४२.५६ |
| थाई भाट | १ | ४.५९ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०८ | ४२.२४ |
| मलेसियन रिङ्गेट | १ | ३७.८१ | ३७.९५ |
| दक्षिण कोरियन वन | १०० | ११.५५ | ११.६० |
| स्विडिस क्रोनर | १ | १५.४० | १५.४६ |
| डेनिस क्रोनर | १ | २३.१५ | २३.२४ |
| हङकङ डलर | १ | १९.६९ | १९.७७ |
| कुवेती दिनार | १ | ५०१.५४ | ५०३.४९ |
| बहराइन दिनार | १ | ४०९.९२ | ४११.५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

पोखरामा स्कुल बस दुर्घटना

# पाँच जनाको मृत्यु, १४ जना घाइते

■ प्रभाव संवाददाता

**कास्की–** कास्कीको पोखरा महानगरपालिका-२८ कालिका ओख्लेको भीरमा शुक्रबार बिहान स्कुल बस दुर्घटना हुँदा चार विद्यार्थीसहित पाँच जनाको मृत्यु भएको छ । घटनामा १४ जना घाइते भएका छन् ।

सौर्य माझठानाबाट कालिकास्थानतर्फ आउँदै गरेको कालिका बोर्डिङ स्कुलको ग२ख १४१७ नम्बरको बस शुक्रबार बिहान सडकबाट करिब २०० मिटर तल खसेर दुर्घटना भएको हो ।

दुर्घटनामा परी मृत्यु हुनेमा पोखरा महानगरपालिका-२८ माझठानाकी १३ वर्षीया ममता तिवारी, सोही ठाउँका १४ वर्षीय अशिम कँडेल, कक्षा १० मा अध्ययनरत माझठानाकी १४ वर्षीया रुमिका नेपाली र माझठानाकै कक्षा १० मा अध्ययरत सुवेच्छा तिवारी रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक नविन कार्कीले जानकारी दिए । उनका अनुसार उपचारका लागि लिफ्ट मागेर सोही बसमा सवार भएका पोखरा-२८ निवासी ६५ वर्षीय बाबुराम तिवारीको पनि दुर्घटनामा मृत्यु भएको छ ।

दुर्घटनामा घाइते भएका तीन जनाको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए । घाइतेहरूमा पोखरा-२८ सौर्यकी कक्षा १० मा अध्ययनरत १६ वर्षीया सृष्टी तिवारी, सोही ठाउँका कक्षा १० मा अध्यनरत १६ वर्षीय शिसन थापामगर र डाँडागाउँका १६ वर्षीय कक्षा १० मा अध्यनरत सौगात तिमिल्सिना रहेका छन् । उनीहरूको अवस्था मध्यम रहनुका साथै बोल्न सक्ने अवस्थामा रहेका प्रहरीले जनाएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचाररत घाइतेमध्ये माझठानाकी १५ वर्षीया अस्मी कँडेलको अवस्था गम्भीर रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए ।



यसैगरी मादी गाउँपालिका-१२ पहिरेकी १४ वर्षीया स्नेहा खत्री, पोखरा-२८ माझठानाकी १३ वर्षीया सोनिया तिवारी, १३ वर्षीय अंकित पराजुली, मादी-१२ पहिरेकी १५ वर्षीया स्मृति खत्री, पोखरा-२८ माझठानाकी १६ वर्षीया स्नेहा तिवारी, १४ वर्षीया आकृती बुढाथोकी, १५ वर्षीया मेरिना तिवारी, १४ वर्षीया सुप्रिया आचार्य र १६ वर्षीय यमन मगर घाइते भएका छन् । उनीहरू सबैको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । बस चालक पोखरा महानगरपालिका-१५ निवासी ५७ वर्षीय तुलबहादुर गुरुङको ढाड र छातीमा चोट लागेको छ । उनको अवस्था मध्यम छ ।

दुर्घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी निरीक्षक सन्तोष पौडेलको कमाण्डमा सात जना, जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानको कमाण्डमा ट्राफिक प्रहरीसहित १५ जना तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ हेक्वा कालिका गण पोखराबाट सशस्त्र प्रहरी नायब निरीक्षक बलराम गौतमको कमाण्डमा १० जनाको टोली उद्धारमा खटिएको थियो ।

### छानबिन समिति गठन

दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ । वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीको संयोजकत्वमा गठित समितिका सदस्यमा मेकानिकल इञ्जिनियर सरोज चालिसे, महानगर शिक्षा समिति सदस्य डोलराज पाण्डे, नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापा र ट्राफिक सहायक निरीक्षक अमृत भट्टराई रहेका छन् ।

समितिलाई दुर्घटनाको कारण तथा घटनासँग सम्बन्धित विषयमा विस्तृत अध्ययन र छानबिन गरी पाँच दिनभित्र सत्यतथ्यसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ ।

महानगरपालिकाका प्रमुख एवं नगर शिक्षा समितिका अध्यक्ष धनराज आचार्यका अनुसार दुर्घटनाको कारण पहिचान गर्न, घटनासँग सम्बन्धित विषयको विस्तृत अध्ययन, छानबिन र आगामी दिनमा यस्ता दुर्घटना दोहोरिन नदिन आवश्यक सुधारका उपायसहित सुझाव पेस गर्न समिति गठन गरिएको हो । समितिले विद्यालयका सवारीसाधनको सुरक्षा अवस्था, विद्यार्थीको सुरक्षित आवागमन तथा आगामी दिनमा अपनाउनुपर्ने सावधानीका विषयमा आवश्यक सुझावसमेत प्रस्तुत गर्ने छ ।

दुर्घटनाप्रति दुःख व्यक्त गर्दै नगरप्रमुख आचार्यले विद्यार्थीको सुरक्षा सबैको साझा जिम्मेवारी भएको बताए । उनले विद्यालयका सवारीसाधनको नियमित जाँच, निर्धारित सुरक्षा मापदण्डको कडाइका साथ पालना तथा प्रभावकारी अनुगमन गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराएका छन् ।

# चाडपर्वमा यात्रु ठग्नेलाई कारबाही गर्न निर्देशन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले चाडपर्वको समयमा यात्रु ठग्नेलाई कारबाही गर्न निर्देशन दिएका छन् । सभापति गजुरेलले शुक्रबार साँझ गोँगबुस्थित नयाँ बसपार्कको अनुगमन गर्दै चाडपर्वमा हुनसक्ने ठगीलाई नियन्त्रण गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका हुन् ।

सभापति गजुरेलले यस वर्ष दसैं, तिहार तथा छठमा १० देखि १५ लाख यात्रु उपत्यकाबाट बाहिरिने अनुमान गरेको भन्दै सोहीअनुसारको व्यवस्थापन मिलाउन सम्बन्धित निकायलाई आग्रह गरे । उनले पूर्वाधार विकास समितिले दसैं, तिहार र छठपर्वमा यात्रुहरूको यात्रालाई सहज, सुरक्षित र व्यवस्थित बनाउन प्रतिनिधिसभा सदस्य धनेन्द्र कार्कीको संयोजकत्वमा उपसमिति गठन गरेर उक्त उपसमितिमार्फत तयार पारिएको प्रतिवेदन प्रधानमन्त्री कार्यालय तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाइसकिएको बताए ।

सभापति गजुरेलले अध्ययन प्रतिवेदनअनुसार यात्रुको संख्याअनुसार बसको संख्या पर्याप्त रहेकाले यसको व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे । फूलपातीदेखि नवमीसम्मको समयमा यात्रुको चाप उच्च हुने भएकाले आवश्यकता परेमा थप बस सञ्चालनका साथै नेपाली सेना, नेपाल प्रहरी तथा सरकारी निकायका सवारीसाधनसमेत प्रयोगमा ल्याउन सकिनेगरी समन्वय भइरहेको उनको भनाइ छ ।

अनुगमनका क्रममा नयाँ बसपार्कभित्र डिजिटल प्रणालीमार्फत टिकट काट्दा तोकिएको दररेटअनुसार नै भाडा लिइएको र टिकटमा यात्रुको नाम, ठेगाना र सम्पर्क नम्बरसहितको चलानी प्रतिवेदन राखिएकाले ठगी हुने सम्भावना नरहेको पाइएको बताए । उनले आधिकारिक काउन्टर र प्रणालीबाट मात्र टिकट काट्न यात्रुहरूलाई आग्रह गरे ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतमले चाडपर्वको समयमा सहजरूपमा यातायातको प्रबन्ध गर्नका लागि महासंघ लागिरहेको बताए । नेपाल सरकारबाट तोकिएको भाडामात्र लिएर सवारीसाधन सञ्चालन गर्नका लागि महासंघले सबै व्यवसायीलाई निर्देशन दिइसकेको बताए ।

नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक पंकज मल्लले सभापति गजुरेललाई नयाँबसपार्क सञ्चालनको बारेमा जानकारी दिँदै दसैंमा घर जाने यात्रुलाई अग्रिम टिकट बुकिङ गर्न १५ काउन्टर थप गरिएको बताए । अनुगमनमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदी, सडक बोर्ड नेपालका सदस्य अरुणकुमार श्रेष्ठ, उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिना, नगर प्रहरी नायब उपरीक्षक प्रकाश पण्डितलगायतको सहभागिता थियो ।

## निप्पोन फर्मास्युटिकल्स लि.

**बिराटनगर, मोरङ**

### संस्थापक शेयर खरिदका लागि आवेदन आह्वान सम्बन्धी सूचना

यस निप्पोन फर्मास्युटिकल्स लि.का संस्थापक शेयरधनीहरूले संस्थापक शेयरहरु विक्री गर्ने इच्छा जाहेर गरी यस कम्पनी समक्ष निवेदन गर्नु भएको र संस्थापक शेयरहरु खरिद विक्रि गर्दा साविकको संस्थापक शेयरधनीहरूलाई प्राथमिकता दिनु पर्ने कानुनी व्यवस्था भएको हुँदा संस्थापक शेयर खरिद गरी लिन इच्छुक हाल कायम यस कम्पनी का संस्थापक शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरूलाई यस कम्पनी को शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५( पैंतिस) दिन)भित्रै यस कम्पनीको रजिस्टार कार्यालय बिराटनगर, मोरङमा निवेदन पेश गर्नुहुन सुचित गरिन्छ । संस्थापक शेयर खरिद गरि लिने सम्वन्धमा उक्त समयभित्र हाल कायम कुनै पनि संस्थापक शेयरधनी महानुभावहरूको तर्फबाट इच्छा जाहेर हुन नआएमा नियमनुसार नयाँ शेयरधनीहरूलाई विक्रीकर्ता संस्थापक शेयरधनीहरूको संस्थापक शेयर विक्री गर्ने सम्बन्धमा आवश्यक कार्यवाहि अघि बढाइने व्यहोरा जानकारी गरायिनेछ ।

**निप्पोन फर्मास्युटिकल्स लि.**
**बिराटनगर, मोरङ, मोबाइल नं. ९८०११०८८६०**

### अधिकृत वारेसनामा रद्द गरिएको सूचना

रघुनाथ भट्टराईको छोरी मुरारी प्रसाद शर्मा अधिकारीको बुहारी राजन अधिकारीको पत्नी का.जि. का.म.पा. साविक वडा वडा नं. १२ हाल वडा नं. २४ स्थायी बसोबास गर्ने वर्ष ३९ को म सविना भट्टराई (ना.प्र.नं.१०१३५, काठमाण्डौ, मिति २०६१।११।२४) ले आफू तत्कालिन समयमा कामको सिलसिलामा देश बाहिर (दुबई) बस्नुपर्ने भएकाले मेरो नाममा दर्ता कायम रहेको का.जि. मातातिर्थ न.पा. वडा नं. ७क स्थित कि.नं. १०९२, १३७८ र १३८० क्षे.फ. क्रमशः ०-३-०-०, ०-१-०-२ र ०-०-३-२ कित्ता जग्गा मेरा तर्फबाट हक हस्तान्तरण तथा रजिष्ट्रेशन पारित गर्न भिम नाथ उप(।ध्यायको नाति मुक्ति नाथ उपाध्यायको छोरा ऐ.ऐ. वडा नं. २६ (परिवर्तित वडा २४) स्थायी बसोबास गर्ने मेरा सहोदर ससुरा वर्ष ७४ को मुरारी प्रसाद शर्मा (ना.प्र.नं. ५०४२, काठमाण्डो, मिति २०४०।१०।१७) लाई सम्म(।नित का.जि.अ.का मा. न्यायाधिश श्री दीपक खनालको ईजलासबाट मिति २०७९।१०।५।५ मा दर्ता नं. १२१२ अन्तर्गत प्रमाणित अधिकृत वारेसनामा बमोजिम वारेस मुकरर गरेकोमा हाल मलाई उक्त कामको लागि वारेस नियुक्त गरिरहन आवश्यक नरहेको हुँदा मुलुकी देवानी कार्यविधी संहिताको दफा १५५ को उपदफा (१) को खण्ड (ग) बमोजिम आजैका मितिदेखि लागू हुनेगरी उक्त अधिकृत वारेस पूर्ण रुपमा खारेज तथा रद्द गरेको बेहोरा यसै सूचनामार्फत सम्बन्धित सबैमा जानकारी गराउँदछु। उप्रान्त निजले उक्त अ.वा.को आधारमा मेरो तर्फबाट गरेको कुनै पनि काम, कारोबार तथा सोबाट सिर्जना हुनसक्ने कुनै पनि प्रकारको दायित्व प्रति म जिम्मेवार तथा जवाफदेही नहुने बेहोरा समेत यसै सूचनामार्फत जानकारी गराउँदछु।

**सूचना प्रकाशक: सविना भट्टराई, का.म.पा. २४**


**युएइमा रोजगार** कम्पनी : RIGHTFORCE MANPOWER SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 337520 | चलानी नं. ६०२५१६५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 58 | 0 | 1000 | ४२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeping | 80 | 0 | 1000 | ४२,११५ | | | | | | | |
| 3. | Kitchen Helper | 20 | 0 | 1000 | ४२,११५ | | | | | | | |
| 4. | Restaurant Worker | 20 | 0 | 1000 | ४२,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**मलेसियामा रोजगार** कम्पनी : UNITY GAS APPLIANCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 341371 | चलानी नं. ६०२५४६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1700 | ६४,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : OKAYASU RUBBER SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 342807 | चलानी नं. ६०२५६१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 4 | 0 | 1700 | ६४,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



**युएइमा रोजगार** कम्पनी : D&K SOLUTION LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 349129 | चलानी नं. ६०२६२२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER - SHATTERING / FINISHING | 50 | 0 | 1500 | ६३,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SHUTT.CARPENTER/ STEEL FIXTURE | 50 | 0 | 1500 | ६३,०१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कार्तिक ०६ गते (23rd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १७३६/०८१/८२
**SYNERGY HUMAN RESOURCE PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Nepal. Tel:+977-1-4976489
Contact no. 9802378725, 9802378726, 9802378727
E-mail: info@synergyhr.co, Web: www.synergyhr.co



**मलेसियामा रोजगार** कम्पनी : ZMZ SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 332706 | चलानी नं. ६०२४६३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६४,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**मलेसियामा रोजगार** कम्पनी : EVER BEST INDUSTRY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 339910 | चलानी नं. ६०२५३३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 1 | 0 | 1700 | ६४,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



**जापानमा रोजगार** कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 333441 | चलानी नं. ६०२५९५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | wood processor | 10 | 0 | 213500 | २,०८,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
**द्रष्टव्य:** यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १३६३/०७४/०७५
**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com


## मादी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**ओखरबोटे, संखुवासभा**

**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८३/०६/२४)**

प्रस्तुत विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८३/०५/२५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम ठेक्का नं. MM/NCB/W/01/2083/084 मादी नगरपालिकाको ओखरबोटे मावादिन नुनढाकी (बाघाखोला-नुनढाकी खण्ड) सडकको लागि निर्धारित समय भित्र पेश हुन आएका शिलबन्दी बोलपत्रहरूको प्राविधिक मूल्यांकनमा सफल भएका तपशिलका बोलपत्रदाताको आर्थिक प्रस्ताव तपशिलको मिति, समय र स्थानमा खोलिने भएको हुनाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल बोलपत्रदाता | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | MMCB/W/01/083/084 | सुम्निमा निर्माण सेवा, खाँदबारी नगरपालिका-४, संखुवासभा | मिति : २०८३/०७/९ गते<br>समय समय : दिनको ११:०० बजे<br>स्थानः मादी नगरपालिकाको सभाहल | |

**प्रमुख प्रशासकीय अधिकृत**

### भोटेकोशी विपत्तिका ४५ दिन

# बगेको बस्ती, हराएको चैन

भोटेकोशी बाढी गएको ४५ दिन बितिसकेको छ । बाढीले खोसेका जीवन फर्केर आउने छैनन् । बेपत्ता आफन्त भेटिने आशा पनि मरिसक्यो । बाँचेका मानिस भने गुमाएका आफन्तको सम्झनामा टोलाइरहेका छन् । हिजोका सुन्दर बस्ती र हराभरा खेत, प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ अहिले उजाड बगर बनेको छ । त्यो बगर देख्ने जो कोहीको मन भारी हुन्छ र आँखा रसाउँछन् ।



**प्रगति ढकाल / रसुवा**

रसुवाको भोटेकोशीमा विनाशकारी बाढी गएको ४५ दिन बितिसक्दा पनि स्याफ्रुबेँसीका कान्छा तामाङको मनबाट त्यो कहालीलाग्दो क्षण हटेको छैन । आँखै अगाडि बस्तीलाई बाढीले बढारेको त्यो दृश्य उनको स्मृतिमा कहिलेसम्म रहने छ थाहा छैन ।

अझै पनि यी सबै सपना हो कि जस्तो लाग्छ कहिलेकाहीँ त उनलाई । यतिका दिनसम्म पनि कान्छाको आँखामा भने भदौ १० गतेको त्यो बाढीको भेल नाचिरहन छाडेको छैन । त्यो बाढीको गडचाङगुडुङको आवाज अझै कान्छाको कानमा गुञ्जिरहन छाडेको छैन । भेलले बगाउँदै गर्दा आफन्त चिच्याएका हुन्थे । ती आफ्नाहरूको चिच्याहट सम्झँदा मन काप्न छाडेको छैन । ती घटना बिर्सनसके पो मन भारी हुन छाड्थ्यो कान्छाको ।

बाढीपछि मृत्यु भएका ती आफन्त र गाउँले अब कहिल्यै फर्केर आउने छैनन् । हराएका ती प्रियजन अब त फर्कने आशा पनि मरिसक्यो । कहिलेकाहीँ फर्की आउँछन् कहीँकतैबाट पो भन्ने भ्रम पनि मनबाट पूर्णरूपमा हट्न सकिरहेको छैन कान्छाको । आँखै अगाडि बगिरहेका ती प्रियजन सम्झन्छन् । बस्तीलाई बाढीले बढारेको दृश्य आँखामा नाचिरहन्छ । अनि झन् मन भक्कानिन्छ कान्छाको । सुन्दर बस्तीलाई बाढीले क्षणभरमै बगर बनाउला र यति धरै कुरूप बन्ला बन्ने कल्पना पनि गरेका थिएनन् कान्छाले । ती उजाड लाग्दो बगरलाई हेर्दा आँखा रसाउँछ उनको ।

त्यो दिन बाढीको भेल असामान्य रूपमा तीव्र थियो । बाढी आउँदा उनी केही अग्लो स्थानमा पुगेर ज्यान जोगाउन सफल भए तर सुरक्षित स्थानमा पुगेपछि पनि उनले देखेको दृश्य झनै भयावह थियो । 'गडचाङगुडुङ गरेर ठूलो आवाज आयो । के रहेछ भनेर हेर्दा त ठूलो बाढी रहेछ,' कान्छा त्यो दिन सम्झन्छन्, 'बेतोडले भागेर अलि माथि पुगेँ । तल हेर्दा मानिस बगिरहेका थिए । कोही चिच्याइरहेका थिए । हेर्दाहेर्दै स्याफ्रुबेँसी बजारलाई बाढीले बडाऱ्यो ।'

आफू सुरक्षित ठाउँमा पुगे पनि अरूलाई जोगाउन नसकेको पीडा भने उनको मनमा गहिरोगरी बसेको छ । 'सयौं मानिस बगेको हेर्नुपऱ्यो । त्यस्तो भेलमा पसेर उनीहरूलाई जोगाउन सकिने अवस्था थिएन,' कान्छा भन्छन्, 'बगिरहेको हेर्नुबाहेक अर्को विकल्प नै के थियो र ? सम्झँदा पनि अहिले आङ सिरिंग हुन्छ ।'

त्यसदिन बाढीको भेलले कान्छाका बाल्यकालदेखिका सबै सम्झनासमेत बगाएर लग्यो । सँगै खेलेका साथीहरू, परिचित अनुहार र त्यो बस्ती अहिले कान्छाका सम्झनामामात्रै छन् । गडचाङगुडुङको आवाज, एकाएक उर्लिएको भेल, मानिसको चिच्याहट र आँखै अगाडि बगिरहेको बस्ती दृश्य सायद कान्छाको मानष्पटलमा ननाचेको कुनै क्षण नै नहोला ।

## विपद् दोहोरिने डरले अझै तर्सिरहन्छ मन...

बाढी गएको यतिका दिन बितिसक्दा पनि अझै डराइरहेको छ कान्छाको मन । घरीघरी ठूलो विपद् फेरि दोहोरिन्छ कि भन्ने चिन्ताले सताउन छाडेको छैन । 'त्यो दिन सम्झँदा अहिले पनि डर लाग्छ,' उनी भन्छन्, 'फेरि यस्तै विपद् दोहोरिन्छ कि डर लागिरन्छ । रातैभर आनन्दले निन्द्रा नै पर्दैन ।'

कान्छाकी श्रीमती ल्हात्सेन डोल्मालाई पनि आँखै अगाडिको त्यो घटना न सम्झिन मन छ, न बिर्सन सजिलै सक्छिन् । उनका पनि कयौं रातहरू डरै डरमा बितिसके । अझै पनि मनको डर हट्न सकेको छैन । 'आकाशमा मेघ गर्जँदा पनि डर लाग्छ, हामीलाई जन्दिगीभर नबिर्सने छाप छाडेको छ त्यो बाढीले,' उनी भन्छिन् । अर्का स्थानीय सन्दु ग्यावाले पनि आफ्ना छ जना आफन्तलाई त्यही बाढीमा गुमाउनुपऱ्यो । बाढीले बगाएको बस्ती फेरि बनाउन सकिएला भन्ने लाग्छ सन्दुलाई । भत्किएका घर, सडक र संरचना पनि फेरि उठाउन सकिएला तर बाढीले खोसेका आफन्त भने कहिल्यै फर्कने छैनन् । सम्झनाले उनलाई पनि हरेक दिन सताइरहेको छ ।

सन्दुको घरलाई भने बाढीले छुन सकेन । घर जोगिएकामा खुसी हुनुपर्ने हो । तर, घरको आँगनीको डिलमा उभिएर तल हेर्दा देखिने उजाड बगरले उनको मन झन् भारी बनाउँछ ।

क्रमशः पृष्ठ ५ मा

# माथि पहिरोको डर, तल मर्स्याङ्दीको त्रास

पछिल्ला वर्षमा मर्स्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण, निर्माण सामग्री र कर्मचारी बोकेका सवारीसाधनसमेत यही सडकमा निर्भर छन् तर वर्षायाम सुरु भएसँगै यही जीवनरेखा जोखिमको बाटो बन्ने गरेको छ ।



**जनक श्रेष्ठ/लमजुङ**

माथि अग्ला पहाडका भीर, साँघुरा घुम्ती र तल वेगले बग्ने मर्स्याङ्दी नदी । बीचबाट अघि बढेको छ- बेँसीसहर-चामे सडक । हिमालपारिको जिल्ला मनाङलाई सडक सञ्जालसँग जोड्ने यही एकमात्र मुख्य सडक मनाङको जीवनरेखा हो ।

यही सडकबाट खाद्यान्न, औषधि, इन्धन, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु मनाङ पुग्छन् । बिरामी उपचारका लागि बाहिरिन्छन्, विद्यार्थी तथा स्थानीयको आवतजावत हुन्छ, व्यापारीले सामान ओसारपसार गर्छन् भने स्वदेशी तथा विदेशी पर्यटक यही मार्ग हुँदै अन्नपूर्ण क्षेत्रतर्फ पुग्छन् ।

पछिल्ला वर्षमा मर्स्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण, निर्माण सामग्री र कर्मचारी बोकेका सवारीसाधनसमेत यही सडकमा निर्भर छन् तर वर्षायाम सुरु भएसँगै यही जीवनरेखा जोखिमको बाटो बन्ने गरेको छ । यस वर्ष असोज ८ देखि ११ गतेसम्म लगातार परेको वर्षापछि आएको बाढी पहिरोले बेँसीसहर-चामे सडकका विभिन्न स्थानमा ठूलो क्षति पुऱ्यायो ।

बाढी पहिरोका कारण करिब ३५ स्थानमा सडक प्रभावित भएपछि पाँच-छ दिनसम्म सडक अवरुद्ध भयो । कतिपय स्थानमा पहिरो पन्छाउनुपऱ्यो भने कतिपय ठाउँमा सडक नै बगाएपछि नयाँ ट्र्याक खोल्नुपरेको थियो । डुम्रे-बेँसीसहर-चामे सडक आयोजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार बाढी पहिरोबाट क्षति भएका ३५ स्थानमध्ये २९ स्थानमा पहिरो हटाइएको छ भने सडकको ट्र्याक नै बगाएका छ स्थानमा नयाँ ट्र्याक खोलेर यातायात सञ्चालनमा ल्याइएको छ । 'अहिले सडक सञ्चालनमा ल्याएका छौं तर केही ठाउँमा नयाँ ट्र्याकबाट सवारी सञ्चालन भइरहेको छ । ती ट्र्याक कच्ची छन्, त्यसैले जोखिम अझै उच्च छ,' उनले भने ।

कतिपय स्थानमा काठे पुलसमेत बाढीले बगाएको छ । दुईवटा काठे पुल बगेपछि केही ठाउँमा खोला तरेरै सवारी सञ्चालन गर्नुपर्ने अवस्था आएको छ । सडक खुले पनि पुरानै अवस्थामा यातायात सञ्चालन हुन नसकेका कारण अहिलेको यात्रा जोखिममुक्त भने छैन । वर्षा दोहोरिएमा नयाँ खोलिएका कच्ची ट्र्याक पुनः क्षतिग्रस्त हुनसक्ने र सडक फेरि अवरुद्ध हुनसक्ने जोखिम रहेको आयोजनाले जनाएको छ । करिब ६५ किलोमिटर लामो बेँसीसहर-चामे सडकमा बेँसीसहरदेखि खुदीसम्मको खण्ड कालोपत्र भएको छ ।

अधिकांश सडक अझै साँघुरो र कच्ची अवस्थामा छ । कतिपय जोखिमयुक्त स्थानमा ढलान तथा संरक्षणका काम गरिए पनि धेरै ठाउँमा सडक साँघुरो, चिप्लो र पहिरोको जोखिमयुक्त छ । सडकका केही स्थानमा अझै काठे पुल सञ्चालनमा छन् ।

क्रमशः पृष्ठ ५ मा

पृष्ठ ४ बाट क्रमशः

## बगेको बस्ती...

आफ्नै घर जोगिएको खुसीभन्दा तलको बस्ती र आफ्ना आफन्त गुमाएको पीडा ठूलो छ उनलाई । 'बस्ती त फेरि बनाउन सकिन्छ होला । घर पनि फेरि बनाउन सकिन्छ तर गुमाएका मान्छे कसरी फर्काउने ?' सन्दुको भनाइमा बाढीले छाडेको पीडाको गहिराइ स्पष्ट झल्किन्छ ।

गत वर्ष पनि यसपटकको जस्तै भारी वर्षाविना भोटेकोशीमा बाढी आएको थियो । तर यस्तो सुनामी थिएन । सन्दुको मनमा अर्को डरले डेरा जमाएको छ- फेरि पनि यो भन्दा ठूलो बाढी आयो भने ? 'अब त ठूलो बाढी जुनसुकै बेला आउला भन्ने डर लाग्छ । बचेको घर पनि कुनै दिन बगाएर लैजाला कि भन्ने चिन्ता हुन्छ,' उनी भन्छन् ।

त्यो दिन बाढी आउँदै छ भन्ने पूर्वसूचना आफूहरूले नपाएको सन्दु बताउँछन् । नदीको आवाज अस्वाभाविक आएपछि के रहेछ भनेर हेर्दा पनि निकै ठूलो बाढी पो रहेछ । 'हामीले बाढी आउँदै छ भन्ने सूचना पाएका थिएनौं । त्यस दिन बाढी आएको देख्नेबित्तिकै सुस्केरा हालेर आवाज दिन खोजें । कसैले सुनेन,' उनी भन्छन् ।

उर्लिरहेको बाढीको गर्जनसामु एउटा मानिसको सुस्केराको आवाज कति न ठूलो हुनु र मानिसले सुन्नु । सुनेर पनि भाग्न भ्याउने अवस्था थिएन । सन्दुले सुस्केरा दिँदादिँदै उनकै आँखा अघि बाढीले बस्ती र मानिसलाई बगायो । त्यो दिन सम्झिँदा सन्दुको मन अझै झस्किन छाडेको छैन । 'अझै पनि यी सबै सपना भइदिए हुन्थ्यो जस्तो लाग्छ । बिहान उठ्दा 'अँ, धन्न सपना पो रहेछ' भन्न पाए हुन्थ्यो,' उनी भन्छन् । तर, त्यो सपना हुनै सक्दैन अब, कठोर सत्य हो । जुन स्वीकार गर्नुको विकल्प नै छैन ।

स्याफ्रुबेँसी बजारको उजाड बगर हेरेपछि आफन्त सम्झिरहन्छन् सन्दु । घरको आँगनमा उभिँदा घर बचेको र आफू बाँचेको खुसीभन्दा अरु गुमाएकाको पीडा बल्झिन्छ । बाढीको भेल तलतिर बगेर गयो । तर, त्यसले सन्दु र अन्य बाँचेकाको मनमा छाडेको त्रास भने अझै बगेको छैन ।

## विपद्पछिको कठिन जीवनस्तर

भोटेकोशी बाढी गएको ४५ दिन बितिसकेको छ । बाढीले खोसेका जीवन फर्केर आउने छैनन् । बेपत्ता आफन्त भेटिने आशा पनि मरिसक्यो । बाँचेका मानिस भने गुमाएका आफन्तको सम्झनामा टोलाइरहेका छन् । हिजोका सुन्दर बस्ती र हराभरा खेत, प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ अहिले उजाड बगर बनेको छ । त्यो बगर देख्ने जो कोहीको मन भारी हुन्छ र आँखा रसाउँछन् ।

बाढीबाट जोगिएकाको जीवन पनि सहज छैन । घरबार र आफन्त गुमाएका परिवारको पीडासँगै दैनिक गुजारा चलाउने चुनौती थपिएको छ । 'महँगी असाध्यै छ । हामी प्रभावित क्षेत्रका भए पनि प्रभावित परिवारमा नपरेकाले राहत लिन जान पनि मन लाग्दैन । किनेर खान पनि नजिकै ठाउँ छैन । अलि टाढा जाँदा असाध्यै महँगो पर्छ,' सन्दु भन्छन्, 'बाँच्नेलाई पनि जिउन निकै गाह्रो छ ।'

विपत्तिले दिएको पीडा र अभावकाबीच सन्दुको मनमा भने निराशासँगै पुनः सामान्य जीवनमा फर्किने झिनो आशा पनि बाँकी छ । सडक बन्ला, पुल बन्ला, बस्ती फेरि बस्ला र उजाडिएको ठाउँमा पुरानै सौन्दर्य फर्किएला भन्ने आशाले उनलाई घचघच्याइरहन्छ । पुनर्निर्माणपछि जीवन फेरि सहज बन्ने विश्वास त छ, तर त्यसका लागि कति समय कुर्नुपर्ने हो भन्ने उनलाई थाहा छैन । अहिलेका लागि उनीसँग गुमाएका आफन्तको कहिल्यै नमेटिने सम्झना, विपद्ले छाडेको पीडा र फेरि जीवन लयमा फर्किने प्रतीक्षा भने बाँकी नै छ ।

## वैकल्पिक आवतजावतलाई तुइन

केही सामान किन्न र उपचार गर्न जानुपर्दा भने घण्टौं कुरेर तुइनबाट आवातजावत गर्नुपर्ने अर्को समस्या सुनाउँछन् कान्छा तामाङ । 'तुइनबाट खोला तर्दातर्दै अझै ठूलो बाढी आउँछ र तुइनसहित बगाउला कि भन्ने डर लाग्छ । के गर्नु तुइनबाहेक अन्य केही विकल्प नै छैन,' उनी सुनाउछन् । रसुवासहित बाढीबाट प्रभावित क्षेत्रमा वैकल्पिक आवतजावतका लागि चारवटा तुइन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । स्थानीय पूर्वाधार विकास विभागका उपमहानिर्देशक एवं प्रवक्ता कमलकुमार अधिकारीले बाढीप्रभावित क्षेत्रमा आवातजावतका लागि बनाइएका ती तुइन निर्माण तथा मर्मतमा करिब २० लाख रूपैयाँ खर्च भएको जानकारी दिए ।

'नुवाकोटको इन्द्रेणीचौर-गुम्बाडाँडा जोड्ने त्रिशूली नदीको तुइनलाई मोटराइज्ड गरिएको छ । त्यस्तै रसुवाको गोसाइँकुण्ड गाउँपालिका-५ र ६ स्थित स्याफ्रुबेँसी-चिलिमे जलविद्युत् आयोजना क्षेत्रको तुइनलाई मोटराइज्ड गर्ने काम भएको छ,' उनले भने, 'रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ स्थित हाकुबेँसी र आमाछोदिङ्मो गाउँपालिका-१ जोड्ने तुइन तथा नुवाकोटको विदुर नगरपालिका-५ देविघाट क्षेत्रका तुइन सञ्चालनमा रहेको छ ।'

अधिकारीका अनुसार थप तीन स्थानमा तुइन जडानको तयारी भइरहेको छ । रसुवाको उत्तरगया गाउँपालिका-४ पैरेबेँसी र नुवाकोटको किस्पाङ गाउँपालिका-५ जोड्ने स्थानमा निर्माण कार्य सुरु भएको छ । विभागका अनुसार स्याफ्रुबेँसी-लाङटाङ क्षेत्रमा भने खानी क्षेत्र भएकाले नेपाली सेनाले आवागमन निषेध गरेपछि स्थान परिवर्तन गर्नुपर्ने भएको छ । रसुवाकै रुंगा क्षेत्रमा पनि तुइन जडानको तयारी भइरहेको विभागले जनाएको छ ।

## विपद्पछि १२ झोलुंगे पुलको मर्मत सम्पन्न

भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीबाट क्षतिग्रस्त १२ वटा झोलुंगे पुलको मर्मत सम्पन्न भएको छ भने थप नौ वटा पुलको मर्मत अन्तिम चरणमा पुगेको छ । स्थानीय पूर्वाधार विकास विभागका उपमहानिर्देशक एवं प्रवक्ता कमलकुमार अधिकारीले बाढीबाट क्षतिग्रस्त पुलको मर्मतका लागि पहिलो र दोस्रो चरणमा आवश्यक स्टिल पार्टस् खरिद सम्पन्न भएको जानकारी दिएका छन् । तेस्रो चरणका लागि आवश्यक स्टिल पार्टस् खरिदको सम्झौता भई पहिलोपटकको सामानसमेत आपूर्ति भइसकेको उनको भनाइ छ ।

विभागका अनुसार मर्मत सम्पन्न भएका पुलमा नुवाकोटका पिमलटार-जागाराम, फोक्सेटार र जिलिङ तथा धादिङका मालिंगा-मझुवाटार दोभान, महादेवस्थान, केउरेनी-गहते, बेल्खु-भुतिया, कालिकास्थान, महेशदोभान-मास्टार, चिरौंदी खोला र शीतलबजार-क्युरेनीटार झोलुंगे पुल छन् । गोरखा-चितवन जोड्ने फिस्लिङ झोलुंगे पुलको मर्मतसमेत सम्पन्न भएको विभागले जनाएको छ ।

विभागका अनुसार यी १२ वटा झोलुंगे पुलको मर्मतमा करिब तीन करोड रूपैयाँ खर्च भएको छ । त्यस्तै गोरखा-धादिङको बादरे, धुवादीघाट, जिन्टे-स्यालटार, धादिङ-नुवाकोट जोड्ने कोल्पु-कल्लेरीघाट, गोरखा-धादिङको जोगीमारा र कौडीखोला, गोरखा-चितवनको कुरिनटार (लेबाटार), धादिङको बिहानी पम्प र मलेखु झोलुंगे पुलको मर्मत कार्य अन्तिम चरणमा पुगेको विभागले जनाएको छ ।

विभागले बाढीबाट क्षतिग्रस्त झोलुंगे पुलको पुनर्निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने कामसमेत सुरु गरेको जनाएको छ । त्यस्तै क्षतिग्रस्त पुल पुनर्निर्माणका लागि आवश्यक लट्ठा खरिद प्रक्रिया अघि बढाइएको छ । थप लट्ठा खरिदका लागि सहमति माग गर्दै मन्त्रालयमा प्रस्तावसमेत पेस गरिएको विभागका उपमहानिर्देशक अधिकारीले जानकारी दिए । *रासस*

## माथि पहिरोको...

वर्षायाममा सडकको जोखिम असारदेखि असोजको पहिलो सातासम्म बढी हुने गरे पनि यस वर्ष असोजको दोस्रो सातासम्म परेको निरन्तर वर्षाले जोखिमलाई थप बढाइदियो । माथिबाट पहिरो र ठूला ढुंगा खस्ने तथा तल मर्स्याङ्दी नदी र खोलाले सडक कटान गर्ने दोहोरो जोखिमका कारण सडक जुनसुकै बेला अवरुद्ध हुने अवस्था छ ।

लमजुङतर्फ मर्स्याङ्दी गाउँपालिका-४ रामबजार क्षेत्र पनि बाढीपहिरोबाट प्रभावित भयो । पहिरोले सडक लामो समय अवरुद्ध भएपछि सडक आयोजना कार्यालयले मेसिन परिचालन गरी पहिरो हटाएर यातायात सञ्चालनमा ल्याएको थियो । बाढी र पहिरोको जोखिम कायमै रहेकाले उक्त क्षेत्रलाई पनि संवेदनशील खण्डका रूपमा हेरिएको छ ।

बेँसीसहर नगरपालिका-६ स्थित खरखरे भिर भने वर्षौंदेखि नै जोखिमयुक्त क्षेत्रका रूपमा चिनिँदै आएको छ । यहाँ माथिबाट पहिरो र ठूला ढुंगा खस्ने तथा तल मर्स्याङ्दी नदीले सडक कटान गर्ने दोहोरो जोखिम छ । सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने गरेको छ । खरखरे क्षेत्रको करिब ८० मिटर सडक अत्यन्त संवेदनशील रहेको सडक आयोजना कार्यालयले जनाएको छ ।

पहिरो नियन्त्रण तथा सडक संरक्षणका लागि करिब २० करोड रूपैयाँ लागत अनुमान गरिएको योजनाको ठेक्का १६ करोड ४८ लाख रूपैयाँमा खरीढुंगा-गोलसेस्वरा जेभीले पाएको थियो । सम्झौताअनुसार २०८० मंसिरभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण कार्यले अपेक्षित गति लिन नसकेपछि म्याद थप गरी २०८२ मंसिरसम्म पुऱ्याइएको थियो । त्यस अवधिमा पनि काम सम्पन्न हुन नसकेपछि पुनः निर्माणलाई तीव्रता दिँदै गत भदौभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर वर्षायाम सुरु भएपछि निर्माण कार्य प्रभावित भएको छ ।

सूचना अधिकारी विष्टका अनुसार खरखरेमा हालसम्म करिब ६० प्रतिशतमात्रै काम सम्पन्न भएको छ । संरक्षणको काम समयमै सम्पन्न हुन नसक्दा यस वर्षको वर्षायाममा पनि उक्त क्षेत्र उच्च जोखिममा रहेको उनले बताए । 'यो क्षेत्रमा माथिबाट पहिरो र ठूला ढुंगा झर्ने तथा तल मर्स्याङ्दी नदीले कटान गर्ने दोहोरो जोखिम छ,' उनले भने, 'संरक्षणको काम समयमै सम्पन्न भएको भए जोखिम धेरै हदसम्म कम हुने थियो । अहिले पनि यो क्षेत्रलाई विशेष निगरानीमा राखेका छौं ।'

बेँसीसहर नगरपालिका-६ का वडाध्यक्ष प्रकाश थापाका अनुसार खरखरे क्षेत्रमा सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने जोखिम उच्च छ । निर्माण कार्य ढिलो हुँदा स्थानीय बासिन्दा र सडक प्रयोगकर्ता दुवै जोखिममा परेको उनले बताए । 'पहिरो नियन्त्रणको काम समयमै सम्पन्न भएको भए अहिलेको जस्तो त्रास हुँदैनथ्यो,' उनले भने, 'पहिरो विस्तार हुँदै माथिल्लो भागतर्फ बढिरहेको छ । फाँटगाउँका करिब २०-२५ घरधुरी जोखिममा पर्दै आएका छन् । पहिरो बस्ती नजिक पुग्न अब करिब पाँचदेखि ७०० मिटर दूरीमात्रै बाँकी छ ।'

लामो समयदेखि बेँसीसहर-चामे सडकमा सवारी चलाउँदै आएका चालक राजु मगरातीका लागि भने सडकको यो जोखिम दैनिक भोगाइ बनेको छ । उनका अनुसार माथि भीर र तल मर्स्याङ्दी नदीका कारण कतिपय स्थानमा निकै डर मानेर सवारी चलाउनुपर्ने अवस्था छ । वर्षायाममा निरन्तर वर्षा भएपछि सडक झनै जोखिमपूर्ण बन्ने गरेको उनले बताए ।

'यहाँ सवारी चलाउँदा मनमा डर त हुन्छ नै । माथिबाट बेला-बेला ढुंगा खस्ने, पहिरो जाने र तल मर्स्याङ्दी नदी बगिरहेको हुन्छ । कतिपय ठाउँमा सडक पनि साँघुरो छ,' उनले भने, 'आफूलाई डर लागे पनि यात्रुलाई झन् डर नलागोस् भनेर सान्त्वना दिँदै सवारी चलाउँदै आएका छौं ।'

उनका अनुसार कहिलेकाहीं सवारी गुडिरहेका बेला आँखैअगाडि ढुंगा खस्ने र पहिरो जाने अवस्था पनि आउने गरेको छ । कतिपय ठाउँमा पहिरो पार गरिसकेपछिसमेत माथिबाट ढुंगा खस्ने गरेको उनको अनुभव छ । 'यस्ता धेरै घटना भोगेर र जोखिम पार गरेर सवारी चलाउँदै आएका छौं,' उनले भने, 'यो हाम्रो व्यवसाय र रोजगारी पनि हो । परिवारको गुजारा चलाउनुपर्ने भएकाले जोखिम हुँदाहुँदै पनि सवारी चलाउन बाध्य छौं ।'

स्थानीयका अनुसार ठूलो वर्षा हुँदा खरखरेमा सडक अवरुद्ध हुनेमात्र होइन, पहिरो थप फैलिने चिन्तासमेत बढ्ने गरेको छ । सडक संरक्षणको काम ढिलो हुँदा यात्रुको सुरक्षासँगै स्थानीय बस्तीको भविष्यसमेत जोखिममा परेको उनीहरूको भनाइ छ । बेँसीसहर-चामे सडक अवरुद्ध हुँदा यसको प्रत्यक्ष असर हिमालपारिको जिल्ला मनाङको जनजीवनमा पर्छ । सडक बन्द भएपछि खाद्यान्न, इन्धन, औषधि र अन्य अत्यावश्यक सामग्रीको ढुवानी प्रभावित हुन्छ । बिरामीलाई उपचारका लागि बाहिर लैजान, विद्यार्थीको आवतजावत गर्न तथा व्यापारिक गतिविधि सञ्चालन गर्न कठिन हुन्छ ।

दसैं नजिकिँदै गर्दा यो सडकको महत्त्व झनै बढेको छ । दसैंमा घर फर्किने तथा आफन्तकहाँ जाने यात्रुको चाप बढ्नुका साथै खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्रीको ढुवानी पनि बढ्ने गर्छ । मनाङका स्थानीयमात्र होइन, पर्यटक तथा अन्य यात्रुको आवातजावतसमेत बढ्ने भएकाले सडकमा सवारीसाधनको चाप बढ्छ । यस्तो समयमा सडक अवरुद्ध हुने वा जोखिमपूर्ण अवस्थामा सवारी सञ्चालन गर्नुपर्दा यात्रु तथा स्थानीयले थप कठिनाइ बेहोर्नुपर्ने अवस्था आउँछ ।

मनाङवासीले यस्तो अवस्था यसअघि पनि भोगिसकेका छन् । २०७८ सालको वर्षायाममा विभिन्न स्थानमा पहिरो गएपछि बेँसीसहर-चामे सडक करिब साढे तीन महिनापछि मात्र सञ्चालनमा आएको थियो । सडक सम्पर्क टुटेपछि खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको अभाव हुन थालेको थियो । आवातजावतका लागि कतिपय स्थानीय हेलिकोप्टर प्रयोग गर्न बाध्य भएका थिए । मनाङबाट बेँसीसहर आउन हेलिकोप्टर प्रयोग गर्दा एक यात्रुले करिब २० हजार रूपैयाँसम्म तिर्नुपरेको स्थानीयको अनुभव छ ।

अहिले सडक सञ्चालनमा आए पनि मनाङवासी ढुक्क हुन सकेका छैनन् । बाढीपहिरोले क्षति पुऱ्याएका स्थानमा अस्थायीरूपमा नयाँ ट्र्याक खोलेर यातायात जोडिएको छ । कतिपय ठाउँमा खोला तरेर सवारी सञ्चालन गर्नुपरेको छ । वर्षा पुनः बढेमा सडकको अवस्था फेरि बिग्रन सक्ने जोखिम छ ।

बेँसीसहर-चामे सडक अन्नपूर्ण पदमार्गको प्रमुख प्रवेशद्वारसमेत हो । यही सडक हुँदै स्वदेशी तथा विदेशी पर्यटक मनाङ पुग्ने गर्छन् । सडकको अवस्था कमजोर हुँदा पर्यटकको आवागमनमा असर पर्नुका साथै होटल, होमस्टे, यातायात, पसल तथा अन्य पर्यटन व्यवसायसमेत प्रभावित हुन्छन् । सडकमा दैनिक दर्जनौं जिप तथा अन्य सवारीसाधन सञ्चालन हुन्छन् ।

मनाङका बासिन्दाको दैनिक आवतजावतदेखि खाद्यान्न, इन्धन, औषधि र निर्माण सामग्रीको ढुवानी यही सडकबाट हुन्छ । मर्स्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण र निर्माण सामग्री ढुवानीमा समेत सडकको महत्त्वपूर्ण भूमिका छ । त्यसैले यो सडक केवल आवतजावतको माध्यम नभई मनाङको पर्यटन, व्यापार, विकास निर्माण र समग्र आर्थिक गतिविधिको आधार बनेको छ । सूचना अधिकारी विष्टका अनुसार बेँसीसहरदेखि खुदीसम्म दुई लेनमा कालोपत्र भएको छ ।

बेँसीसहरदेखि चामेसम्मको सम्पूर्ण सडक कालोपत्र गर्ने योजना रहे पनि वातावरणीय प्रभाव मूल्यांकन (इआइए) अध्ययन समयमै सम्पन्न हुन नसक्दा आवश्यक बजेट विनियोजन हुन नसकेको उनले बताए । 'बेँसीसहर-खुदी खण्डमा जस्तै बाँकी सडकका लागि पनि चरणबद्ध रूपमा बजेट विनियोजन गरेर कालोपत्र गर्न आवश्यक छ,' उनले भने, 'सडक स्तरोन्नति भएपछि यात्रुको जोखिम कम हुनुका साथै मनाङको पर्यटन, व्यापार र स्थानीय जनजीवनमा सकारात्मक प्रभाव पर्ने छ ।'

भौगोलिकरूपमा अत्यन्त जटिल क्षेत्रमा निर्माण गरिएको बेँसीसहर-चामे सडकमा हरेक वर्ष वर्षायामसँगै जोखिम दोहोरिन्छ । माथिबाट पहिरो र ढुंगा खस्छ, तल मर्स्याङ्दीको बहाव बढ्छ । कतै सडक भासिन्छ, कतै नदीले सडकको भाग कटान गर्छ । कतिपय स्थानमा काठे पुल बगाउँछ र कतै नयाँ ट्र्याक खोलेरमात्र आवागमन जोड्नुपर्ने अवस्था आउँछ । यस वर्षको असोजको बाढीपहिरोले यही जोखिमलाई फेरि उजागर गरेको छ । ३५ स्थानमा क्षति पुगेपछि पाँच-छ दिन अवरुद्ध भएको सडक तत्कालका लागि सञ्चालनमा आए पनि जोखिम अझै उच्च छ ।

सडक सञ्चालनमा आउनु राहत हो, तर दीर्घकालीन समाधान होइन । मनाङका नागरिकका लागि बेँसीसहर-चामे सडक केवल यातायातको माध्यम होइन, जीवन धान्ने आधार हो । यही सडकले हिमालपारिको जिल्लालाई देशको मूल सडक सञ्जालसँग जोडेको छ, पर्यटनलाई चलायमान बनाएको छ, व्यापार र विकास निर्माणलाई अघि बढाएको छ । तर प्रत्येक वर्ष पहिरो, नदी कटान, कमजोर संरचना र निर्माणमा भएको ढिलाइका कारण यही जीवनरेखा जोखिममा पर्दै आएको छ ।

जोखिमयुक्त स्थानमा स्थायी पहिरो नियन्त्रण, नदी कटान रोक्ने संरचना, सुरक्षित पुल निर्माण, सडक स्तरोन्नति र निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्नु अब विकासकोमात्र विषय रहेन । यो मनाङको सुरक्षित आवतजावत, पर्यटन, व्यापार र हजारौं नागरिकको दैनिक जीवनसँग जोडिएको आवश्यकता बनेको छ । माथि पहिरोको डर र तल मर्स्याङ्दीको त्रासबीच चलिरहेको बेँसीसहर-चामे सडकले मनाङको जीवन धानिरहेको छ । सडक खुलेपछि तत्कालको संकट टरे पनि जोखिमको मूल कारण अझै उस्तै छ । हरेक वर्ष सडक खुलाउने र फेरि बन्द हुने चक्र अन्त्य गर्न अब अस्थायी मर्मतभन्दा स्थायी समाधानतर्फ ध्यान दिनुपर्ने देखिन्छ । *रासस*


**नेचुरल इस्पीरीट्स नेपाल लिमिटेडको**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८३/०६/२४*

आदरणीय शेयरधनी महानुभावहरु :-

यस कम्पनीको विशेष साधारण सभा तपशिलमा उल्लेख भए अनुसारका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि तपशिलको स्थान, मिति र समयमा हुने भएकोले कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थित भई छलफल तथा निर्णयमा सहभागी भईदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछौ।

विशेष सधारण-सभामा पेश गरिने छलफलका विषय सूचिहरु :-

**क. विशेष प्रस्तावहरु :-**

१. कम्पनीको साविकको जारी पुँजी रु. १,००,००,००,०००/- (अक्षरेपि एक अर्व रुपैया) लाई वृद्धि गरी रु. १,०५,००,००,०००/- (अक्षरेपि एक अर्व पाँच करोड रुपैया) कायम गर्न स्वीकृत गर्ने,
२. कम्पनीको साविकको चुक्ता पुँजी रु. ८०,००,००,०००/- (अक्षरेपि अस्सि करोड रुपैयाँ) लाई बृद्धि गरी रु. ८४,००,००,०००/- (अक्षरेपि चौरासी करोड रुपैया) कायम गर्न स्वीकृत गर्ने,
३. कम्पनीको साविकमा कायम भएको जारी र चुक्ता पुँजीमा वृद्धि/संशोधन हुने हुनाले कम्पनीको प्रबन्ध-पत्रको दफा ६ (२) र (३) मा संशोधन गर्न स्विकृत गर्ने,
४. विविध ।

**सभा हुने स्थान :-** काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. ५, हाडिगाउँ ।

**सभा हुने मिति र समय :-** २०८३/०७/११ गते, बिहान ठिक :- ११:०० बजे, बुधबार ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**मलेसियामा रोजगार** कम्पनी : YEH CHANG HEAT TREATMENT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/११ | LT. No. 341040 | चलानी नं. ६०२५४३९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 2 | 0 | 1700 | ६४,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GB CHEMICAL SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | LT. No. 340166 | चलानी नं. ६०२६२३२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 6 | 0 | 1700 | ६४,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४५५/०७४/०७५

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
Dhapasi-9, Basundhara Tole, Kathmanadu,Tel: +997-1-4356889,
Email id : admin@topsglobal.com., sanconresources@yahoo.com



**युएइमा रोजगार** कम्पनी : MATHIKSHA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 349116 | चलानी नं. ६०२६२३१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 3 | 0 | 1500 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | 1500 | ६३,०१९ | | | | | | | |
| 3. | Concrete Masons | 2 | 0 | 1500 | ६३,०१९ | | | | | | | |
| 4. | General Plumber | 2 | 0 | 1500 | ६३,०१९ | | | | | | | |
| 5. | Steel Fixer (Labour) | 2 | 0 | 1500 | ६३,०१९ | | | | | | | |
| 6. | Tile Layer | 2 | 0 | 1500 | ६३,०१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
9801018169 Khem nath Gautam, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१



**युएइ/मलेसियामा रोजगार** कम्पनी : PT SWIFT MARKETING SDN BHD — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 339647 | चलानी नं. ६०२५३०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 60 | 0 | 1700 | ६४,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२३ | LT. No. 329674 | चलानी नं. ६०२४३६१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 191 | 0 | 1000 | ४२,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३१ गते (17th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Rasuwa Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ११३०/०७३/०७४
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama: 9840557986, Dinesh Lama: 9851354485, Dawa Lama: 51125465, Raju Lama: 9801300071, Sunil Timilsina: 9801300072
Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com



**ZERO COST RECRUITMENT Opportunity For Malaysia !!**
**RBA COMPLIANCE**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!**
**आर.वि.ए. मापदण्ड**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
Free Food | Transportation | Accommodation from Interview to Deployment!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

**मलेसियामा रोजगार** कम्पनी : C-PAK CERGAS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ | LT. No. 340355 | चलानी नं. ६०२५३८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operation | 2 | 0 | 1700 | ६४,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० I- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

| कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | ने.रु.१५०० I- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले ब्यहार्ने By the Employer |
|---|---|---|---|

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

The final interview will be conducted in the office on 17th October 2026.
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३१ गते हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.कामा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No.: 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashamanpower.link@gmail.com , suhashafrontdesk956@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९५७०० | प्रति तोला – ० | प्रति तोला – ४४०५ |



**घर जाने चटारो |** काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा शुक्रबार बिहान दसैं, तिहार पर्व मनाउनका लागि घर जान अग्रिम टिकट बुकिङ काउण्टरमा बसको टिकट लिन आएका सर्वसाधारण । *तस्बिर : हरिराम भेटुवाल/रासस*

लगानी बोर्ड बैठक

## दुई अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको लगानी स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी बोर्डले दुई वटा अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको लगानी स्वीकृत गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा शुक्रबार बसेको लगानी बोर्डको ६८औं बैठकले रु १० अर्ब ७५ करोड चार लाख ९७ हजार लागतको नारखोला अर्धजलाशययुक्त जलविद्युत् परियोजना (५८ दशमलव नौ मेगावाट) र रु १० अर्ब ४२ करोड ३३ लाख ६२ हजार लागतको सानी भेरी-३ अर्धजलाशययुक्त जलविद्युत् परियोजना (४६ दशमलव ७२ मेगावाट)को लगानी स्वीकृत गर्ने निर्णय गरेको हो ।

बोर्डका अनुसार बैठकले अरुण-३ जलविद्युत् परियोजना (९०० मेगावाट) ले सन् २०२८ फेब्रुअरीसम्म व्यावसायिक उत्पादन गर्ने र माथिल्लो कर्णाली जलविद्युत् परियोजना (९०० मेगावाट) सम्बन्धमा परियोजना विकास सम्झौताको प्रावधान बमोजिम तत्काल निर्माण अघि बढाउने गरी आवश्यक सहजीकरण गर्ने निर्णय गरेको छ ।

बैठकले स्वीकृत परियोजनाको कार्यान्वयन तथा लगानीकर्तालाई प्रदान गरिने सेवामा सहजीकरण र प्रभावकारी कार्यसम्पादनका लागि लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने पनि निर्णय गरेको छ ।

त्यसैगरी बोर्डद्वारा आह्वान नगरिएका प्रस्तावहरू आवश्यकतानुसार स्वीस च्यालेञ्ज विधिबाट प्रतिस्पर्धा गराइ अगाडि बढाउने गरी आवश्यक कानुनी प्रबन्ध गर्न कार्यालयलाई निर्देशन दिने, कृत्रिम बुद्धिमत्तालगायत नवीनतम सूचना प्रविधिमा आधारित पूर्वाधार परियोजनाका लगानी प्रस्ताव प्राप्त भएमा नेपालको नवीकरणीय ऊर्जाको उपयोग तथा रोजगारी सृजना एवं आर्थिक विकासमा पुर्याउने योगदानलाई मध्यनजर गरी उक्त प्रकृतिका परियोजना विकासलाई प्राथमिकता दिने निर्णय गरेको छ ।

बैठकमा अर्थमन्त्री एवं बोर्डका उपाध्यक्ष डा स्वर्णिम वाग्ले, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साह, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्ट, नेपाल सरकारका मुख्यसचिव गोविन्दबहादुर कार्की, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत याङकी उक्यावलगायतका बोर्डका सदस्यहरू एवं उच्च पदस्थ अधिकारीहरू उपस्थित थिए ।

## ‘युवालाई उद्यमशीलता र नवप्रवर्तनमा जोड्न अनुकूल वातावरण बनाउँदै छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं –** सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले युवा शक्तिलाई उद्यमशीलता र नवप्रवर्तनमा जोड्न सरकारले अनुकूल वातावरण निर्माण गरिरहेको बताएका छन् । नेपाल बिजनेस इन्स्टिच्युट र बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) द्वारा आयोजित पाँचौं संस्करणको ‘नेपाल युवा उद्यमशीलता सम्मेलन २०२६’ लाई सम्बोधन गर्दै उनले युवाको ज्ञान, सीप, सिर्जनशीलता र प्रविधिको उपयोगबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न सकिने बताए ।

उनले अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाएर युवालाई स्वदेशमै आफ्ना सपना पूरा गर्ने तथा आर्थिक समुन्नति हासिल गर्ने अवसर दिनुपर्नेमा जोड दिए । यसका लागि सरकारले अनुकूल वातावरण बनाउने र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने उनको भनाइ थियो ।

विश्वभर युवा पुस्ताको उद्यमशीलताप्रतिको आकर्षण र संलग्नता बढ्दै गएको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले नेपालमा पनि युवाको क्षमता र सम्भावनालाई उत्पादन, सेवा तथा प्रविधिका क्षेत्रमा उपयोग गर्न सहजीकरण भइरहेको बताए । उद्यमशीलता र नवप्रवर्तनको विकासका लागि सरकार, निजी क्षेत्र, शैक्षिक संस्था र अन्य सरोकारवाला निकायबीच समन्वय तथा सहकार्य आवश्यक रहेको उनले बताए । सूचना प्रविधिका क्षेत्रमा नयाँ जनशक्ति र विज्ञ विकास हुँदै गएको उल्लेख गर्दै उनले त्यसलाई मुलुकको आर्थिक रूपान्तरणको अवसरका रूपमा उपयोग गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

> ‘सूचना प्रविधिका क्षेत्रमा उपलब्ध अवसरबाट मुलुकले बढी आर्थिक लाभ लिन सक्ने उपायबारे सम्बन्धित निकायसँग छलफल भइरहेको जानकारी दिँदै उनले प्रविधिको विस्तारलाई रोजगारी, उत्पादन र आर्थिक गतिविधिसँग जोड्नुपर्छ ।’

ठूलो संख्यामा नेपाली युवा वैदेशिक रोजगारीका लागि विदेश गइरहेको अवस्थामा सूचना प्रविधिको माध्यमबाट विश्व बजारमा नेपाली सेवा पुऱ्याउन सकिने उनको भनाइ थियो । ‘अब हामीले श्रम र जनशक्ति होइन, सेवा बेच्ने दिशामा अघि बढ्नुपर्छ । सूचना प्रविधिको माध्यमबाट नेपालमै बसेर विश्वभर सेवा दिन सकिन्छ । यसले युवाका लागि स्वदेशमै अवसर सिर्जना गर्नुका साथै मुलुकको अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सक्छ,’ उनले भने ।

सूचना प्रविधिको सम्भावना उपयोग गर्न डिजिटल विभाजन अन्त्य गर्ने, इन्टरनेटको पहुँच विस्तार गर्ने र सेवाको गुणस्तर सुधार गर्ने कामलाई सरकारले प्राथमिकता दिएको उनले बताए । दूरसञ्चार क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्ने लक्ष्यसहित यसै वर्ष फाइभ-जी सेवा सुरु गर्ने गरी काम भइरहेको उनको भनाइ थियो ।

सूचना प्रविधिका क्षेत्रमा उपलब्ध अवसरबाट मुलुकले बढी आर्थिक लाभ लिन सक्ने उपायबारे सम्बन्धित निकायसँग छलफल भइरहेको जानकारी दिँदै उनले प्रविधिको विस्तारलाई रोजगारी, उत्पादन र आर्थिक गतिविधिसँग जोड्नुपर्ने बताए ।

प्रविधि र मानवीय सिर्जनशीलताबीचको सम्बन्धमा जोड दिँदै सञ्चारमन्त्री तिमिल्सिनाले प्रविधिले काम गर्ने तरिका परिवर्तन गर्न सक्ने भए पनि मानिसको महत्व घटाउने नभई उसको क्षमता अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्नुपर्ने धारणा राखे ।

‘प्रविधिलाई मानवीय सिर्जनासँग जोड्न सक्नुपर्छ र त्यसबाट अधिकतम लाभ लिनुपर्छ । सूचना प्रविधिले कामको प्रकृति परिवर्तन गर्न सक्छ, तर यसले मानिसको महत्त्व घटाएको छैन । प्रविधिलाई एउटा उपकरणका रूपमा प्रयोग गरेर त्यसबाट लाभ लिन सक्नुपर्छ,’ उनले भने ।

सरकारको जिम्मेवारी नीति निर्माणमा मात्र सीमित नहुने उल्लेख गर्दै उनले नीतिको प्रभावकारी कार्यान्वयनमार्फत नागरिक, उद्यमी र समग्र अर्थतन्त्रले प्रत्यक्ष लाभ प्राप्त गर्ने अवस्था निर्माण गरिने बताए ।

शिक्षा र सीप विकासको बदलिँदो प्रवृत्तिबारे चर्चा गर्दै उनले विगतमा शैक्षिक योग्यता हासिल गर्नुलाई बढी प्राथमिकता दिने गरिएकामा अहिले भविष्यमा आवश्यक पर्ने सीप र क्षमतामा आधारित शिक्षातर्फ ध्यान बढ्दै गएको बताए । युवालाई बजारको मागअनुसार दक्ष बनाउँदै उद्यमशीलताका लागि तयार गर्नुपर्ने उनको भनाइ थियो ।

## प्रसारण शुल्क पुनरावलोकन गर्न इम्पानको माग

**काठमाडौं (प्रस)–** स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालले राष्ट्रिय विद्युत प्रसारण ग्रिडको प्रसारण शुल्क महंगो भएको भन्दै सरकारको ध्यानाकर्षण गरेको छ ।

इप्पानले प्रशारण शुल्ककै कारण नेपाली विद्युतको लागत डेढदेखि दुई रूपैयाँसम्म महँगो पर्न सक्ने भएकाले निर्यातको सम्भावनामा असर पर्न सक्ने देखिएको जनाएको छ ।

अहिले विद्युत खरिद सम्झौता (पीपीए) भएका आयोजनालाई तत्काल ठूलो समस्या नपरे पनि भविष्यमा निर्यात लक्षित आयोजनाका लागि उच्च प्रसारण शुल्क ठूलो चुनौती बन्न सक्ने भन्दै इप्पानले सो विषयमा थप अध्ययन तथा पुनरावलोकन आवश्यक भएको जनाएको छ ।

इप्पानले प्रसारण शुल्क गणनाको आधार र सम्पूर्ण लागत संरचना सार्वजनिक तथा पारदर्शी बनाउन र प्रसारण लाइनको वास्तविक आर्थिक आयु, ह्रासकट्टी तथा वित्तीय लागतको यथार्थ मूल्यांकन गर्नु पर्ने भन्दै सकारको ध्यानाकर्षण गराएको छ । उसले मध्यकालीन तथा दीर्घकालीन खुला पहुँचको शुल्कसमेत निजी लगानी र विद्युत् व्यापारको आर्थिक सम्भाव्यता अनुकूल भए/नभएको पुनरावलोकन गरी ह्विलिङ शुल्कको आवधिक पुनरावलोकन गर्ने स्पष्ट नियामकीय व्यवस्था कायम गर्नु पर्नेमा जोड दिएको छ ।

इप्पान अध्यक्ष मोहन कुमार डाँगीले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै ऊर्जा क्षेत्रको नियामक निकाय विद्युत नियमन आयोगले गत असोज १५ गते राष्ट्रिय प्रसारण ग्रीडको प्रसारण शुल्क (ह्विलिङ चार्ज) सम्बन्धि मापदण्ड २०८३ जारी गरेकोमा स्वागत गर्दै केही विषयमाअ भने पुनरावलोकन गर्नु पर्ने जनाएको छ ।

आयोगले जारी गरेको राष्ट्रिय विद्युत प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) को प्रसारण शुल्क (ह्विलिङ चार्ज) गणनासम्बन्धी मापदण्ड सार्वजनिक गरेकोमा इप्पानको २०७ औं बैठकले स्वागत गर्दै उर्जा विकासका लागि सैद्धान्तिक रूपमा सो मापदण्ड महत्वपूर्ण भएको जनाएको छ ।

तर, बैठकले प्रसारण प्रणाली उपयोग गर्दा मध्यकालीन र दीर्घकालीन खुला पहुँचका लागि प्रति मेगावाट ४.१३ लाख प्रति महिना तथा अल्पकालीन खुल्ला पहुँचका लागि प्रति किलोवाट ५७ पैसा प्रसारण शुल्क आन्तरिक तथा अन्तरदेशीय व्यापारका दृष्टिकोणले प्रतिस्पर्धात्मक बजारका लागि तुलनात्मक रूपमा महंगो भएकोले यसमा असहमति जनाउँदै पुर्नविचार गर्न पहल गर्ने निर्णय पनि गरेको छ ।

इम्पानले राष्ट्रिय विद्युत् प्रसारण ग्रिड प्रयोग गरे बापतको प्रसारण शुल्क निर्धारण हुनुले अब निजी क्षेत्रले सरकार तथा नेपाल विद्युत् प्राधिकरणले निर्माण तथा सञ्चालन गरेको राष्ट्रिय प्रसारण संरचना तोकिएको शुल्क तिरेर प्रयोग गर्न सक्ने अवस्था सिर्जना भएकोमा स्वागत गर्दै ह्विलिङ चार्ज निर्धारणसँगै राष्ट्रिय प्रसारण ग्रिडमा खुला पहुँचको अवधारणालाई व्यवहारमा लैजान आधार तयार भएको जनाएको छ ।

## सहकारी बैंकको प्राथमिकतामा जोखिम व्यवस्थापन

■ प्रभाव संवाददाता




**ललितपुर–** राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी ऐन, २०७४ मा भएका पछिल्ला परिवर्तनहरूको कार्यान्वयनका विषयमा सदस्य तथा सरोकारवालाबाट व्यक्त चासोबारे आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छ ।

बैंकको सञ्चालक समितिको २०८३ असोज २१ गतेको निर्णयअनुसार सार्वजनिक शुक्रबार जारी विज्ञप्तिमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी निर्देशनहरूको पूर्ण पालना गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

बैंकले सदस्य सहकारी संस्थाहरूको बचत तथा ऋण कारोबार व्यवस्थापनका लागि नयाँ संरचना निर्माण गर्दा विद्यमान समस्याको समाधान हुनुको सट्टा थप जटिलता उत्पन्न हुन सक्ने भन्दै यस विषयमा ध्यानाकर्षण गराएको छ । समस्याको समाधानका लागि एकीकरणलगायतका प्रक्रिया प्रचलित कानुनबमोजिम अघि बढाउनुपर्ने र सम्पत्ति तथा दायित्वको यथार्थ मूल्याङ्कन गर्न स्वतन्त्र प्रतिवेदनलाई आधार बनाउनुपर्ने बैंकको धारणा छ ।

विज्ञप्तिमा सदस्य सहकारी संस्थाहरूको शेयर पुँजीको उचित मूल्याङ्कन, सदस्य स्वामित्वको संरक्षण तथा लोकतान्त्रिक शासन प्रणालीको निरन्तरतामा समेत जोड दिइएको छ ।

त्यसैगरी, कर्जा, तरलता तथा सञ्चालनसम्बन्धी जोखिमको उचित पहिचान र व्यवस्थापन हुन नसके त्यसको प्रभाव समग्र सहकारी वित्तीय प्रणालीमा पर्न सक्ने बैंकले उल्लेख गरेको छ । बैंकले जोखिम व्यवस्थापन र विवेकशील नियमनलाई प्राथमिकतामा राख्दै सहकारी क्षेत्रको वित्तीय स्थायित्व कायम गर्नुपर्ने धारणा व्यक्त गरेको छ ।

सदस्य सहकारी संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने व्यवस्थामा विद्यमान कानुनी तथा नियामकीय सीमाले चुनौती सिर्जना गरेको पनि बैंकले जनाएको छ । विज्ञप्तिअनुसार, नियामकीय व्यवस्थाले सहकारी संस्थाहरूलाई आफ्नो कुल सम्पत्तिको पाँच प्रतिशतसम्म मात्र बाह्य कर्जा लिन पाउने सीमा तोकेको छ । त्यस्तै, सहकारी बैंकले कुनै एक संस्थालाई उक्त संस्थाको कुल सम्पत्तिको १५ प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्न नसक्ने व्यवस्था रहेको उल्लेख गरिएको छ ।

यस्ता कानुनी तथा नियामकीय सीमितताका बाबजुद सदस्य सहकारी संस्थाहरूको हित संरक्षण, सदस्यहरूको पुँजीको सुरक्षा तथा सहकारी वित्तीय प्रणालीप्रतिको विश्वास कायम राख्ने प्रतिबद्धतासहित बैंक सञ्चालन भइरहेको विज्ञप्तिमा जनाइएको छ ।

बैंकले सहकारी अभियानको दीर्घकालीन हित, वित्तीय स्थायित्व र संस्थागत सुशासनलाई सुदृढ बनाउन आफ्ना सदस्य संस्थाहरूसँगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

## दोहोरो अंकले बढ्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता

**काठमाडौं –** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार दोहोरो अंकले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७ दशमलव १५ अंकले बढेर दुई हजार ५९१ दशमलव ८० मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ८० अंकले बढेर ४६५ दशमलव ८५ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक एक दशमलव ४२ अंकले बढेर १७९ दशमलव १० मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ५० अंकले बढेर १५७ दशमलव ४६ मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड २९ लाख पाँच हजार ९४२ कित्ता शेयर रु चार अर्ब ८३ करोड ७७ लाख २३ हजार ७६ मूल्यमा खरिद बिक्री भएको छ । १३ वटा उपसमूह बढेका छन् । १८० कम्पनीको शेयर बढ्यो भने ८९ कम्पनीको शेयर घट्यो । त्यसैगरी १० कम्पनीको शेयर स्थिर रह्यो ।




नेप्सेका अनुसार कुथेली बुखरी स्मल हाइड्रोपावर, सिन्धु विकास बैंक, सोलु हाइड्रोपावर लगायतका कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी रिर्ज लाइन इनर्जी कम्पनी, आइसिएफसी फाइनान्स डिबेञ्चर, प्राइम डिबेञ्चर लगायतका लगानीकर्ताले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ